# कक्षा नौमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली
भाषाशिक्षा  विभागको, एम.एड. दोस्रो वर्षको
आठौँ पत्र ५९८ को  प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र


## शोधार्थी

कपिलमुनि गर्तौला
क्याम्पस रोल नं.: ९६ (०६३/०६५)
परीक्षा क्रमाङ्क : २१४०३०१/०६५
त्रि.वि.दर्ता नं. : ७०६८-८७
नेपाली भाषाशिक्षा विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ

# अध्याय : एक

## १.१ शोधको भूमिका

शोध कार्य  गहन तर अत्यन्त महत्वपूर्ण कार्य मानिन्छ । शोध शीर्षकसँग सम्बन्धित पूर्व कार्यहरूको अध्ययन तथा स्थलगत अध्ययनबाट प्राप्त वास्तविक तथ्याङ्कका आधारमा शोध कार्यलाई अघि बढाइन्छ र निष्कर्षमा पुगिन्छ । यस शोध-पत्रले मा. वि. तहको कक्षा ९ मा नेपाली विषय अर्न्तगत कविता विधा शिक्षण गर्न प्रयोग गरिने विभिन्न विधि, कविता शिक्षण गर्न प्रयोगमा ल्याइने शैक्षिक सामग्री तथा शिक्षण क्रियाकलापहरूको उपयुक्त क्रम साथै सरकारी र निजी विद्यालयका नेपाली विषय शिक्षक तथा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूका कविता शिक्षण विधिमा देखिएका विविधताहरूको वास्तविक अध्ययन गरी उपयुक्त निकास (मार्ग) खोज्ने अभीष्ट राखेको छ ।

## १.२ शोध शीर्षक

यस शोधपत्रको शीर्षक “कक्षा नौ मा कविता शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधिहरूको अध्ययन” रहेको छ ।

## १.३ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम. एड.) दोस्रो वर्षको पाठ्यांश ने. पा. शि. ५९८ को आवश्यकता पूरा गर्ने प्रयोजनार्थ तयार पारिएको हो ।

## १.४ समस्या कथन

राणाशासन काललाई नेपालको शैक्षिक इतिहासमा अन्धकारको युग भनिन्छ । प्रधानमन्त्री देवशमशेर बाहेक अन्य राणा प्रधानमन्त्रीहरू जनता शिक्षित भएको हेर्न चाहदैनथे । त्यसैले एकाध गुरुकुल विद्यालय बाहेक कहींकतै विद्यालयहरू खुल्न पाएनन् । वि. स. २००७ सालको राजनैतिक परिवर्तन पछि देशमा शैक्षिक ढोका खुल्यो, विद्यालयहरू खुले र शिक्षण कार्यको प्रारम्भ भयो । देशमा शैक्षिक जनशक्तिको अभावमा भारतबाट सामान्य साक्षरसम्मका मानिसहरूलाई समेत बोलाई शिक्षक बनाई शिक्षण सुचारु गरियो । त्रिचन्द्र कलेज तथा त्रि. वि. वि. को स्थापना पछि देशमा क्रमशः शिक्षितहरूको संख्या बढ्यो ।

त्यसपछि तिनै शिक्षित जनशक्तिलाई आवश्यक तालिम प्रदान गरी दक्ष तथा योग्य शिक्षकहरू तयार गरी शैक्षिक कार्यलाई अघि बढाइयो ।

नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । यो भाषा अन्य भाषाका विषय बाहेकका विषयहरूको माध्यम भाषा पनि हो । वि. स. २०१६ सालमा शिक्षा विभागबाट प्रकाशित विज्ञप्तीमा प्रा. वि. तथा नि. मा. वि. पाठ्यक्रममा नेपाली भाषालाई अनिवार्य मानिएको पाइन्छ भने सर्वाङ्गीण राष्टिय शिक्षा समिति २०१८ ले पनि प्रा. वि., नि. मा. वि. तथा मा. वि. तहका भाषाका विषय बाहेक अन्य विषयहरू पढाउदा नेपाली भाषालाई माध्यम भाषा मान्नु पर्छ भनिएको छ । “नेपाल अधिराज्यको संविधान २०४७ को भाग १ को धारा ६ अन्तर्गत उपधारा १ मा “देवनागरी लिपिमा रहेको नेपाली भाषा नेपालको राष्ट्र भाषा हो र यो भाषा सरकारी कामकाजको भाषा हो” भनी प्रष्ट रुपमा उल्लेख गरिएको छ । हाल नेपाली भाषाले मा. वि. तहसम्म अनिवार्य विषय र अन्य (उच्च) तहहरूमा अनिवार्य तथा ऐच्छिक विषयको रुपमा स्थान पाएको छ । यति मात्र होइन नेपाली भाषा राष्ट्रिय सञ्चार माध्यम रेडियो नेपाल, नेपाल टेलिभिजन, पत्रपत्रिका आदिको प्रमुख माध्यम भाषा पनि हो । यस भाषाको समुन्नतिका लागि कलम चलाउने कलमबीरहरूको योगदानको उच्च मूल्याङ्कन तथा सम्मान गर्न नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको पनि स्थापना भई क्रियाशील छ ।

नेपाली भाषा साहित्यमा सिर्जित बहुसाहित्यिक विधाहरूमाभ्क कविता विधा अरु विधाहरूभन्दा कोमल, रसयुक्त र स्तरीय प्रतित हुन्छ । उद्भव कालमा काव्य भनिने कविता “काव्यं रसात्मकं” मानिन्थ्यो । भक्तिकालमा रचिएका देवभजन तथा स्तुतिगान हुदै अघि बढेको नेपाली कविता परम्परा वि. स.१७९९ देखि सुरु भएको पृथ्वीनारायण शाहको नेपाल एकीकरणको क्रममा देखिएका वीरताको प्रसंशाा गर्दै अघि बढेको पाइन्छ । नेपाली कविताको जग बसाउने सुवानन्द दास, शक्तिवल्लभ अर्याल, उद्यानन्द अर्याल, सुन्दरानन्द बाँडा आदि तथा इन्दिरस, विद्यारण्यकेशरी, वशन्त शर्मा, आदिको नेतृत्वमा अघि बढेको पाइन्छ । शास्त्रीयतावादीहरूको काखमा जन्मेको नेपाली कविता महाकवि लक्ष्मीप्रसाद देवकोटाको पासमा आई स्वच्छन्दतावादी शैलीमा अघि बढ्यो, फुल्यो र हुर्क्यो । यसै समयमा विभिन्न कवि, कवयित्रीहरूको साथ सहयोगमा नेपाली कविता भ्काङ्गिएको पाइन्छ ।

भाषा अध्ययन गर्नुको प्रमुख उद्देश्य भाषिक सीपहरूको विकास गर्नु गराउनु हो । भाषाका सबै विधाहरू (कथा, कविता, नाटक, उपन्यास, निबन्ध, जीवनी, रुपक, चिठी आदि) को शिक्षणको ध्येय भिन्न भिन्न भए पनि समग्रमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ यी चार सीपहरूको विकास गराउन नै भाषा शिक्षणको विशिष्ट ध्येय रहेको हुन्छ र हुनुपर्दछ । त्यसकारण भाषा शिक्षक म कुन विधाको शिक्षण गर्दैछु र मैले यस विधाको अध्यापनबाट विद्यार्थीहरूमा कुन कुन गुण (सीप) हरूको विकास गराउनु पर्छ भन्ने कुरामा सदैव सचेत रहनु पर्दछ । कविता विधा साहित्यका अन्य विधाहरूभन्दा कोमल, सुन्दर तथा भावमय विधा मानिन्छ । लयवद्ध वाचन तथा हृदयविजयी कोमल भावादिले जोसुकै पाठकमा सुन्दर रसानुभूति जागृत गराउँछ । त्यसकारण कविता शिक्षण गर्ने भाषा शिक्षकमा कुशल शिक्षण विधिको जानकारी हुनु नितान्त आवश्यक हुन्छ । भावानुकूल लयबद्ध सस्वरवाचन ,यति-गतिको उचित योजना, शव्दार्थ, भावार्थ तथा लेखन अभ्यास गराउदै कविता शिक्षण गर्नु उचित विधि मानिन्छ । शैक्षिक सामग्रीहरूको समुचित प्रयोग गरी उत्साहजनक वातावरणमा कविता शिक्षण गर्नु कुशल शिक्षकको खुबी मानिन्छ ।

हाम्रो देश नेपालमा सरकारी र निजी तथा आवासीय विद्यालयहरू सञ्चालित छन् । हाल सरकारी विद्यालयहरूमा शिक्षक पदमा नियुक्त हुनका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता, तालिम तथा अध्यापन अनुमति पत्र लिएको व्यक्ति मात्र योग्य ठहरिन्छ । त्यस्ता योग्य ठहरिएका व्यक्तिहरूका बीच खुल्ला प्रतिष्पर्धा गराई सर्वाधिक योग्य उम्मेद्वारलाई मात्र नियुक्त गरिन्छ । तर हिजो तालिम प्राप्त शैक्षिक जनशक्तिको अभावमा तालिम अप्राप्त व्यक्ति पनि शिक्षक बनेका छन् । अर्को तर्फ निजी तथा आवासीय विद्यालयहरू निजी लगानीकर्ताहरूको लगानीमा सञ्चालित छन् । केही स्थापित तथा स्तरीय निजी विद्यालय बाहेक अरुमा शिक्षक नियुक्त गर्दा योग्यता, तालिम तथा अध्यापन अनुमति पत्रको खोजी गरिदैन साथै प्रतिस्पर्धाबाट योग्य व्यक्ति छनौट गर्ने प्रावधान पनि छैन स्वविवेकमा चलेका छन् । त्यसकारण नेपाली विद्यालयहरूमा सर्वत्र कविता शिक्षण गर्ने विधि तथा क्रियाकलापमा एकरुपता छैन । यो शोधपत्रले मा. वि.तहको कक्षा ९ मा कविता शिक्षण गर्ने तालिम प्राप्त र अप्राप्त शिक्षकहरूका शिक्षण विधिमा के-कस्ता भिन्नता छुन्? भन्ने प्रश्नलाई समस्याको रुपमा लिई समाधान गर्ने प्रयास गरेको छ । त्यसै गरी सरकारी र

निजी तथा आवासीय विद्यालयहरूमा कविता शिक्षण गर्ने विधिमा के-कस्ता समानता र भिन्नता छन् ? यस प्रश्नलाई पनि यस शोधपत्रले समस्याको रुपमा लिई अनुसन्धान गर्ने प्रयास गरेको छ । सबै शिक्षकहरूले कविता शिक्षण गर्ने विधिहरूमा तथा प्रयोग गर्ने शैक्षिक सामग्रीहरूमा पनि एकरुपता देखिदैन। कविता शिक्षण गर्ने उपयुक्त विधि तथा शैक्षिक सामग्रीहरू के-के हुन् ? यस प्रश्नलाई पनि यस शोधपत्रले समस्याको रुपमा लिई समाधान खोज्ने प्रयास गरेको छ ।

यस शोधपत्रका मुख्य-मुख्य समस्याहरूलाई वुदाँगत रुपमा यसरी लिइएको छ ।

क) कक्षा ९ मा कविता शिक्षण गर्ने विधिहरू के-के हुन् ?

ख) कक्षा ९मा कविता शिक्षण गर्दा के कस्ता शैक्षिक सामग्रीहरूको प्रयोग गर्न सकिन्छ ?

ग) कक्षा ९ मा कविता शिक्षण गर्ने उपयुक्त शिक्षण विधिहरू कुन -कुन हुन सक्छन् ?

घ) कक्षा ९ मा कविता शिक्षण गर्ने सरकारी र निजी तथा आवासीय विद्यालयका शिक्षकहरूका शिक्षण विधिहरूमा के कस्ता समानता र भिन्नताहरू पाइन्छन् ?

ङ) कक्षा ९ मा कविता शिक्षण गर्ने तालिम प्राप्त तथा अप्राप्त शिक्षकहरूका शिक्षण विधिमा के कस्ता समानता र भिन्नताहरू पाइन्छन् ?

## १.५ शोधका उद्देश्यहरू

समस्या कथनमा उठेका शोध समस्याहरूसँग सम्वन्धित प्रश्नहरूको उत्तर वा समाधान खोज्ने काम गर्नु नै शोधको उद्देश्य हो । (शर्मा र लुइँटेल २०५२ पृष्ठ २३)

यस शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन्-

क) कक्षा ९ मा कविता विधा शिक्षण गर्ने विधिहरू पहिचान गर्नु ।

ख) कक्षा ९ मा कविता शिक्षण गर्दा उपयोगी हुने शैक्षिक सामग्रीहरूको निर्क्यौल गर्नु ।

ग) कक्षा ९ मा कविता शिक्षण गर्दा प्रयोग गरिने उपयुक्त शिक्षण विधिहरूको पहिचान गर्नु।

घ) कक्षा ९ मा कविता शिक्षण गर्ने सरकारी र निजी तथा आवासीय विद्यालयका शिक्षकहरूका शिक्षण विधिमा पाइने समानता र भिन्नता पहिचान गर्नु ।

ङ) कक्षा ९ मा कविता शिक्षण गर्ने तालिम प्राप्त र अप्राप्त शिक्षकहरूका शिक्षण विधिमा पाइने समानता र भिन्नता पहिचान गर्नु ।

## १.६ शोधको औचित्य

कुनै निश्चित उद्देश्यमा केन्द्रित रही कुनै कार्य अघि बढाइन्छ । **कुहिराको कागको गन्तव्य** झैं हुनु हुदैन कुनै पनि कार्य । गन्तव्य रेखा कोरी यात्रा अघि बढे समय, स्रोत र श्रमले फल आर्जन गर्न सक्तछ । यो शोधपत्र पनि त्यस्तै कोसेढुङ्गाा भेट्टाउन प्रयासरत छ । यस शोध पत्रको अध्ययन शीर्षक **कक्षा ९ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन** रहेको छ । देशमा सरकारी र निजी तथा आवासीय गरी २ प्रकारका विद्यालयहरू रहेका छन् । यी दुई प्रकारका विद्यालयहरू सञ्चालन हुने नीति तथा प्रक्रिया फरक छन् । शिक्षक नियुक्त गर्ने प्रक्रिया फरक छन् । न्यूनतम शैक्षिक योग्यता, तालिम, अध्यापन अनुमति पत्र लिएका शिक्षकहरू मात्र नियुक्त हुने र तिनीहरूलाई पनि सामयिक सेवा कालीन तालिम प्रदान गर्ने नीतिगत व्यवस्था भएका सरकारी विद्यालयहरूमा पनि जि. शि. का. का वि.नि.हरूबाट नियमित विद्यालय निरीक्षण गरी आवश्यक सल्लाह सझाव प्राप्त नहुदा कविता शिक्षण गर्ने विधिमा भजमने चाल देखिन्छ भने तालिम प्राप्त, योग्य तथा दक्ष शिक्षक नियुक्त गर्ने कुनै नीतिगत स्पष्ट प्रावधान नभई संस्थापकका आफन्तहरू विना प्रतिष्पर्धा नियुक्त गरिने निजी विद्यालयको शिक्षण विधि के विधिसङ्गत होला ? जहाँ सरकारी निकायबाट सामयिक निरीक्षण पनि हुदैन । यसरी हेर्दा सरकारी र निजी तथा आवासीय विद्यालयहरूमा कविता शिक्षण गर्ने विधि तथा प्रयोग गरिने शैक्षिक सामग्रीहरूमा पक्कै पनि निश्चित समानता र विविधता छन् । ती समानता र विविधता के-के हुन् ? पत्ता लगाई उपयुक्त शिक्षण विधि तथा शैक्षिक सामग्रीहरूको निर्क्यौल गर्ने प्रयास गरेको छ यस शोधकार्यले । तालिम प्राप्त र अप्राप्त शिक्षकहरूका शिक्षण विधिमा भएका विविधताहरूको खोजी तथा उपयुक्त विधिको छनौट गर्नु पनि यस शोधपत्रको औचित्य रहेको छ ।

कविता शिक्षण कसरी गरिदैछन् ? यसबाट के कस्ता समस्याहरू सिर्जना भएका छन् ? त्यसको दोषी को हो ? ती समस्याहरू समाधानका उपायहरू के के हुन् सक्छन् ? यी प्रश्नहरूका जवाफ खोज्नु पर्छ र सिर्जित समस्याहरूबाट मुक्ति पाउनुपर्छ । यो शोधपत्र यिनै माथिका समस्याहरूको खोजी गरी निराकरणका प्रयासमा निहित रहेको छ । विषयवस्तुको प्रकृति, कक्षा, तह, विद्यार्थीको उमेर तथा रुचिका आधारमा शिक्षण विधिहरूमा आवश्यकता अनुसार परिमार्जन गर्नु पर्ने आवश्यकता एकातर्फ देखिन्छ भने विरालो बाँधेर श्राद्ध गर्ने परम्परा जिउदै छ । नेपाली कविता शिक्षण गर्ने विषय शिक्षकहरूमा कुन कुन

विधि तथा कार्यकलापहरू अपनाई शिक्षण गर्ने ? सो अन्योलता कायमै छ । यस्तो अन्योलता भित्र विद्यार्थीहरूको भविष्य कुहिराको काग बनेको छ । यस शोध पत्रले यस्ता कक्षा ९ मा कविता शिक्षण गर्न गाह्रो लाग्ने विषय शिक्षक, तालिम प्रदान गर्ने निकाय, सहयोगी सन्दर्भ निर्देशन पुस्तिका निर्माता तथा अन्य शोधार्थी समेतलाई भरपुर सहयोग पुऱ्याउने अपेक्षा राखी तयार पारिएको छ ।

## १.७ अध्ययनको सीमा

अध्ययन लेखन (शोध) भित्र समेटिने विषयवस्तुको दायरा नै अध्ययनको सीमा हुन्छ । असीमित विषयवस्तुको अध्ययनको सीमा नहुने र त्यसबाट निर्दिष्ट प्राप्तीको अपेक्षा गर्न पनि नसकिने हुदाँ अध्ययनको सीमा निर्धारण गर्नु सान्दर्भिक हुन्छ । यस शोध अध्ययनको सीमा यस प्रकार रहेको छः-

क) प्रस्तुत शोधपत्र नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रद्धारा निर्धारित कक्षा ९ को नेपाली पुस्तकमा समेटिएका कविताहरूको शिक्षण विधिमा मात्र केन्द्रित रहेको छ ।

ख) प्रस्तुत शोधपत्र कक्षा ९ मा नेपाली कविता शिक्षण गर्ने सरकारी तथा निजी विद्यालयका विषय शिक्षक तथा तालिम प्राप्त र अप्राप्त विषय शिक्षकहरूका शिक्षण विधिमा भएका विविधिताहरूको खोजीमा केन्द्रित रहेको छ ।

त्यसै गरी यस शोधपत्रले कविता शिक्षणका क्रममा के कस्ता शैक्षिक सामग्रीहरूको प्रयोग गर्न सान्दर्भिक हुन्छ, सोको पनि खोजी गरेको छ भने सर्वोपयुक्त कविता शिक्षण विधिको निर्क्यौल गर्ने अभीष्टमा केन्द्रित रहेको छ ।

यसरी नै प्रस्तुत शोधपत्र इलाम जिल्लाको श्री शान्ति निकेतन उ. मा. वि., श्री कृष्णाश्रम उ.मा.वि, श्री समालवुङग मा.वि., श्री फिक्कल उ.मा.वि र श्री करफोक विद्या मन्दिर उ.मा.वि गरी ५ वटा सरकारी विद्यालय तथा टि गार्डेन इङ्गलिस वोडिङग स्कूल, सनराइज इङ्लिस वोडिङग स्कूल, श्री अन्तु एकेडेमी वोडिङग स्कूल, पञ्चकन्या आवासीय विद्यामन्दिर र एभरल्याण्ड इन्टरनेशनल एकेडेमी स्कूल गरी ५ वटा निजी तथा आवासीय

विद्यालयहरू गरी जम्मा १० वटा विद्यालयका कक्षा ९ मा नेपाली विषय शिक्षकहरूका कविता शिक्षण विधिमा मात्र सीमित रहेको छ ।

## १.८ पूर्वकार्यको समीक्षा

अनुसन्धानको क्रममा पूर्वकार्यको समीक्षा भन्नाले उक्त शोधकार्यसँग सम्बन्धित विषयवस्तुमा त्यसभन्दा पहिले भएका अध्ययनको समीक्षा गर्नु भन्ने बुझिन्छ । पूर्वकार्यको अध्ययन तथा समीक्षाले ती कार्यहरूका सबल तथा दुर्वल पक्षहरू केलाई सबल पक्षहरूको अनुकरण तथा दुर्वल पक्षहरूको सुधारसहित परिमार्जित नयाँ गोरेटो कोर्न सहयोग प्रदान गर्दछ ।

प्रस्तुत अनुसन्धान कार्य नेपाली भाषा शिक्षण अन्तर्गत कविता शिक्षण विधिसँग केन्द्रित रहेकाले यहाँ नेपाली कविता शिक्षणसगँ सम्वन्धित सहयोगी पुस्तकहरू तथा शोधपत्रहरूलाई पूर्वकार्यको रुपमा लिई अध्ययन समीक्षा गरिएको छ ।

### १.८.१ सिद्धान्त पक्षसँग सम्वन्धित पूर्वकार्यको समीक्षा

क) प्राध्यापक डा. हेमाङगराज अधिकारी र प्राध्यापक डा. केदारप्रसाद शर्माद्वारा लिखित **प्रारम्मिक नेपाली शिक्षण** (२०५६) नामक पुस्तकमा नेपाली भाषा शिक्षणको परिचयका साथै महत्वपूर्ण विधा कविता शिक्षणको चर्चा गरिएको छ । उक्त पुस्तकमा कविता शिक्षणको प्रयोजन, शिक्षण विधि तथा कार्यकलापहरूको चर्चा गरिएको छ । विभिन्न शिक्षण विधि तथा क्रियाकलापहरूको चर्चा गरिएको उक्त पुस्तकलाई यस अध्ययन कार्यका लागि स्रोत मानिएको छ ।

ख) प्राध्यापक डा.केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलद्वारा लेखिएको **नेपाली भाषा र साहित्य शिक्षण** (२०६०) पुस्तकमा नेपाली भाषा शिक्षणको सैद्धान्तिक परिचय, विधा शिक्षण विधिहरूको चर्चा गर्ने क्रममा कविता शिक्षणको परिचय,आवश्यक विधि, शिक्षण क्रम, सहायक कार्यकलाप आदि पक्षमा व्यापक चर्चा गरिएको हुदाँ कविता शिक्षणका विधिहरूको चर्चा गर्ने क्रममा उक्त पुस्तकलाई यहाँ प्रमुख आधारकृति मानिएको छ ।

ग) प्राध्यापक डा.हेमाङगराज अधिकारीद्वारा लेखिएको **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति** (२०६३) नामक पुस्तकमा भाषा शिक्षणका विधिहरू, भाषा पाठ्यक्रम, पाठ्यपुस्तक मूल्याङ्कन आदि पक्षको विस्तृत चर्चा गरिएको छ । यस पुस्तकमा भाषा शिक्षणका विधि तथा पद्धतिहरूको उल्लेख भएकाले यस अध्ययन लेखनमा यस पुस्तकलाई पनि मजवुत सामग्रीको रुपमा लिइएको छ ।

घ) प्राध्यापक डा.यादवप्रकाश लामिछानेको **नेपाली भाषा शिक्षण परिचय ( छैटौं संस्करण २०६५)** मा विभिन्न विधाहरू शिक्षणको क्रममा कविता शिक्षणको प्रयोजन विधिहरू तथा क्रियाकलापहरूको चर्चा गरिएको छ । यस शोध शीर्षकसगँ सान्दर्भिक उक्त पुस्तकलाई पनि यहाँ महत्वपूर्ण स्रोतका रुपमा लिइएको छ ।

## १.८.२ शोध पत्रसँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययन

१) शोधार्थी नारायण प्रसाद पाण्डेले **"कक्षा ५ को मेरो नेपाली पाठ्यपुस्तकमा प्रमुख कविताहरूको विश्लेषणात्मक अध्ययन** (२०५९) **"** शीर्षकमा एम. एड. दोस्रो वर्षको प्रयोजनका लागि तयार पार्नुभएको शोधपत्रमा कविता विधाले पाएको पाठ्यांश प्रतिशत, कविताका पाठहरूमा सरल-जटिलको क्रम नमिलेको तथा कतिपय शब्दहरू बालबालिकाको स्तरभन्दा जटिल रहेको आदि विषयमा चर्चा गर्नु भएको छ । साथै उहाँले शोधपत्रको निष्कर्षमा कवितामा प्रयोग हुने शब्दहरू बालबालिकाहरूको स्तरानुकूल हुनु पर्ने , सरल देखि जटिलको क्रममा कवितालाई राख्नु पर्ने र छोटा छोटा कविता राख्नु पर्ने सुझाव दिनु भएको छ ।

२) विनोद कुमार न्यौपाने (२०६२) ले **कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । नेपाली शिक्षा विभाग कीर्तिपुर अर्न्तगत गरिएको उक्त शोध पत्रमा कविता शिक्षणको सङ्क्षिप्त परिचय दिइएको छ । निजी र सरकारी विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने विधिहरूको फरक खोज्ने र शिक्षकहरूको सैद्धान्तिक र व्यवहारिक पक्षका भिन्नताहरू केलाउने कार्य त्यसमा भएको छ । जम्मा चार अध्यायमा केन्द्रित उक्त शोधपत्रमा कविता शिक्षणका ११ वटा विधिहरूको चर्चा गरी तिनीहरूको प्रयोग, स्तर र तहअनुरुप हुने गरेको

कुरा उल्लेख गरेको छ । पाठयोजना प्रयोगको व्यवहारिक पक्ष, तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारितालाई पनि केलाउने प्रयास भएकोले यस अनुसन्धानलाई पूर्वकार्यको रुपमा यहाँ महत्व दिइएको छ ।

३) **कक्षा ७ मा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन** शीर्षकमा गोपाल बुढाथोकी (२०६२) द्वारा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको शोधकार्य मूलतः काठमाण्डौ जिल्लाका निजी र सरकारी विद्यालयमा कक्षा ७ मा कविता शिक्षण गर्दा शिक्षकहरूले प्रयोग गरेका विधिहरूमा केन्द्रित रहेको छ । जम्मा ६ अध्यायमा सम्पन्न गरिएको उक्त शोधकार्य कविता शिक्षणका विधिहरूमाभन्दा समग्र भाषा शिक्षणका विधिको चर्चामा बढी केन्द्रित रहेको देखिन्छ । शिक्षकहरूलाई विद्यार्थी केन्द्रित विधिको प्रयोगमा जोड, कविता लेखन प्रतियोगितामा जोड जस्ता अतिरिक्त क्रियाकलापको सञ्चालन गर्नु पर्ने जस्ता कुराहरू निष्कर्षका रुपमा उक्त शोधपत्रमा रहेको पाइन्छ ।

४) त्रि. वि. शिक्षा शास्त्र संङ्काय कीर्तिपुर अन्तर्गत काशीराज अधिकारीद्वारा **कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन २०६४** शीर्षकमा शोधकार्य भएको देखिन्छ । यसमा खास गरी कक्षा तीनमा कविता शिक्षण गर्दा प्रयोग गरिने विधिहरू पत्ता लगाउने, शिक्षण गर्दा शिक्षण विधिहरू वीच भिन्नता पत्ता लगाउने, तालिम लिएका र नलिएका शिक्षकहरूले प्रयोग गर्ने कविता शिक्षण विधिमा भिन्नता पत्ता लगाउने जस्ता उद्देश्यहरू रहेका छन् । शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्यको व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास यस शोधपत्रमा भएको छ । यो चार अध्यायमा विभाजित रहेको छ । कविता शिक्षण विधिको बारेमा गरिएको उक्त शोधकार्यले यस अध्ययन कार्यलाई सहयोग मिल्ने मानिएको छ ।

माथि वर्णित सन्दर्भग्रन्थ तथा शोधपत्रलाई यस शोध अध्ययनका लागि सन्दर्भ सामग्री ठानी अध्ययन समीक्षा गरिएको छ साथै ती सन्दर्भ सामग्रीहरूका साथै अन्य सामग्री समेत विभिन्न विधिद्वारा सङकलन गरी यस शोधपत्र लेखन कार्यलाई पूर्ण तुल्याउने प्रयास गरिएको छ ।

## १.९ शोध विधि

शोधसँग सम्बद्ध विभिन्न आवश्यकीय सामग्रीहरूको खोज गरी तिनलाई एकिकृत गर्ने कामलाई सामग्री संकलन भनिन्छ। (शर्मा र लुईटेल, २०५२ पृ. ३०)

यस शोध अध्ययन कार्यका लागि निम्नानुसारका विधि तथा प्रक्रिया अपनाई सूचना सङ्कलन गरी शोध कार्यलाई अघि बढाइएको छ।

### १.९.१ अध्ययनका स्रोतहरू तथा सूचना संङ्कलन विधि

अध्ययनका स्रोतहरू अन्तर्गत प्राथमिक स्रोतको रुपमा क्षेत्रीय सामग्री सङ्कलन विधि अनुसार नमूना छनौटमा परेका इलाम जिल्लाका ५ वटा सरकारी र ५ वटा निजी तथा आवासीय विद्यालयहरूमा नेपाली विषय अध्यापन गर्ने विषय शिक्षकहरूलाई भराइएका कविता शिक्षण सम्बन्धी शिक्षक प्रश्नावली फाराम, कक्षा अवलोकन फाराम तथा विद्यार्थी प्रश्नावली फाराम भराई त्यसबाट सूचना संङ्कलन गरिएको छ। त्यसै गरी द्धितीयक स्रोतका रुपमा यस शोध शीर्षकसँग सम्वद्ध पुस्तकहरू, पत्रपत्रिकाहरू तथा प्रकाशित, अप्रकाशित शोधपत्रहरूलाई लिई व्यापक अध्ययन गरी आवश्यकीय सूचना संङ्कलन गरिएको छ।

### १.९.२ अध्ययनको जनसङ्ख्या

यस शोध अध्ययनका लागि क्षेत्रीय नमुना छनौट विधिका आधारमा इलाम जिल्लाका कक्षा ९ मा नेपाली विषय अध्यापन गर्ने नेपाली विषय शिक्षकहरू मध्ये छनौटमा परेका सरकारी विद्यालयका ५ जना र निजी तथा आवासीय विद्यालयका ५ जना गरी १० जना शिक्षकहरू तथा दुबै प्रकारका विद्यालयहरूबाट १/१ जनाका दरले जम्मा १० जना कक्षा ९ का विद्यार्थीहरू यस शोध अध्ययनका लागि जनसंख्याको रुपमा छनौट भएका छन्।

### १.९.३ सामग्रीहरूको पूर्वपरीक्षण

यस शोध अध्ययनका लागि सङ्कलित सामग्रीहरूको विश्वासनीयताका लागि शिक्षक पश्नावली फारामलाई सरकारी तथा निजी विद्यालयका २/२ जना कक्षा ९ का नेपाली विषय शिक्षकहरूलाई भराई विषय विशेषज्ञहरू सँग आवश्यक राय सल्लाह लिई

सामग्रीहरूको पूर्वपरीक्षण गरिएको छ भने शिक्षक प्रश्नावली फाराम, कक्षा अवलोकन फाराम तथा विद्यार्थी प्रश्नावली फारामलाई प्रयोगमा ल्याउँदा विषय शिक्षक तथा विद्यार्थीहरूलाई पूर्व जानकारी नगराई कक्षा अवधि नै फाराम भराई वास्तविकता पत्ता लगाउने काम गरिएको छ ।

### १.९.४ तथ्यहरूको व्याख्या विश्लेषण

प्राथमिक तथा द्वितीयक स्रोतबाट सूचनाहरू प्राप्त गरी द्वितीयक स्रोतका सहायताले कविता शिक्षण विधिहरूको चर्चापरिचर्चा गरिएको छ भने प्राथमिक स्रोतका सहायताले प्राप्त सूचनाहरूलाई विभिन्न तालिकाहरूमा प्रदर्शन गरी तिनीहरूको छुट्टाछुट्टै व्याख्या विश्लेषण गरी शोधपत्रलाई अघि बढाइएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

यस शोधपत्रको रुपरेखा निम्नानुसार रहेको छ ।

### अध्याय–एक

शोधपत्रको भूमिका, शोध शीर्षक, शोध प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, शोधको औचित्य, पूर्वकार्यको समीक्षा, अध्ययनको सीमा, शोध विधि तथा शोधको रुपरेखा ।

### अध्याय-दुई

मा. वि. तहमा कविता शिक्षण गर्न प्रयोग गरिने विभिन्न विधिहरू ( अर्थबोध, व्याख्यान, व्यास, अभिनयात्मक, खण्डान्वयन, तुलानात्मक, समीक्षात्मक) को सैद्धान्तिक परिचय, कविता शिक्षण कार्यकलापहरूको सैद्धान्तिक परिचय, कविता शिक्षणमा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरूको परिचय तथा उपयुक्त कविता शिक्षण विधिहरूको छनौट ।

### अध्याय–तीन

तथ्याङ्क सङ्कलन व्याख्या तथा विश्लेषण

सरकारी र निजी तथा आवासीय विद्यालयका नेपाली विषय शिक्षकहरूको तुलनात्मक अध्ययन

तालिम प्राप्त र अप्राप्त नेपाली विषय शिक्षकहरूको तुलनात्मक अध्ययन

कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषणात्मक अध्ययन

शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषणात्मक अध्ययन

विद्यार्थी प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषणात्मक अध्ययन

## अध्याय –चार

निष्कर्ष र सुझाव

निष्कर्ष

सुझाव

## भावी अनुसन्धानका लागि थप शीर्षकहरू

## १.११ सन्दर्भग्रन्थ सूची

**परिशिष्ट**

# अध्याय : दुई

## मा.वि. तहमा कविता शिक्षण गर्न प्रयोग गरिने विभिन्न शिक्षण विधिहरूको सैद्धान्तिक परिचय

### २.१ परिचय

नेपाली भाषा साहित्यमा उदाएका वहुसाहित्यिक विधाहरूमध्ये कविता सर्वाधिक प्राचीन विधा मानिन्छ । पद्य रुपमा रहने कवितालाई काव्य मानिन्थ्यो र काव्यं रसात्मकं भनी कविताले असीम आनन्दानुभूति गराउने मान्यता राखिन्थ्यो । लय र भावको उचित संयोजनबाट जन्मने कविताले मानव हृदयलाई आनन्दमा डुबाउन, नयाँ भावनाको विकास गराउन र वौद्धिकताको विकास गराउन समेत सहयोग पुर्‍याउछ ।

गद्य र पद्य गरी दुई रुपमा देखिने कविता विधा प्रारम्भमा शास्त्रीय विधानमा बाँधिई पद्य रुपमा जन्मिएको थियो भने पछि पाश्चात्य साहित्यिक जगतबाट प्रवाह भएको स्वच्छन्दतावादी शैलीको प्रभावमा परी शास्त्रीय विधानमा नबाँधिएका गद्य रुपका कविताहरूको सिर्जना हुन थाल्यो । पद्य कविता छन्दोवद्ध कविता र गद्य कविता छन्दमुक्त कविताका नामले पनि चिनिन्छ । पद्य कवितामा बाहिरी तथा आन्तरिक दुवै रुपमा लयात्मकता भेटिन्छ भने गद्य कवितामाचाँहि भावनात्मक रुपमा मात्र लयात्मकता भेटिन्छ ।

### २.२ औचित्य

साहित्यको एक सशक्त विधाको रुपमा रहेको कविता स्तरीय विधा मानिन्छ । श्रव्य र लेख्य रुपमा प्रयोग गर्न सकिने कविता विधा विद्यालय तहसम्म लेख्य रुपमा कम र श्रव्य तथा पाठ्यवस्तुको रुपमा बढी प्रयोग हुन्छ किनकि यो अनुभूतिको विषय भएकाले विशिष्ट साहित्यिक रचना सिर्जना तथा कविता लेखन कठिन प्रतित हुन्छ । त्यसकारण कविता शिक्षण गर्दा सामान्य तरिकाबाट कविताको रसास्वादन गराएर रुचिकर बनाउनुपर्दछ । साथै कविताको विशिष्ट रुपको परिचय गराउनु पर्दछ । शिक्षकले कविता शिक्षणबाट विद्यार्थीहरूको अभिव्यक्ति क्षमता, शुद्धोच्चारण क्षमता, भाषिक प्रवाहमयता, सृजनात्मक क्षमता आदिको विकास हुनका साथै देशप्रेम, सद्भावना,दया, सहानुभूति र असल चरित्रको

विकास हुने हुँदा कविता शिक्षणको महत्व उच्च रहेको छ । लयवद्ध कविता वाचन,शव्दार्थ , वोध प्रश्नोतर आदि क्रियाकलापद्धारा कविता शिक्षण गर्नाले विद्यार्थीहरूमा लयवद्ध सस्वरवाचन गर्ने, आफ्नो विचार स्वतन्त्रतापूर्वक अभिव्यक्त गर्ने,शव्दार्थ जान्ने, सृजनात्मक लेखन क्षमताको विकास हुने हुदाँ कविता शिक्षणको औचित्य उच्च छ ।

## २.३ कविता शिक्षण विधि

भाषाका अन्य साहित्यिक विधाहरूको तुलनामा जटिल मानिने कविता विधाको शिक्षण पनि जटिल नै छ । जटिल विधालाई पनि सरलीकृत गरी शिक्षण गर्ने कौशल विषय शिक्षकमा भएमा शिक्षण कार्य सरल एवं रोचक बन्न सक्दछ । प्रभावकारी रुपमा रोचक ढङ्गले कविता शिक्षण गर्नका लागि अपनाइने तरिका वा पद्धतिलाई नै कविता शिक्षण विधि मानिन्छ । कविता शिक्षणका क्रममा प्रयोग गरिने शैक्षिक सामग्री र सञ्चालन गरिने शिक्षण क्रियाकलाप आदिले शिक्षण विधिको निर्क्योल गर्दछ । तर सबै कक्षा, सबै तह सबै क्षेत्रका कविता शिक्षणका लागि एउटै प्रकारका शिक्षण क्रियाकलाप र विधिहरू नै सर्वमान्य हुन्छन् भन्ने यकिन छैन । अझ शिक्षण कार्यका बीच बीचमा शिक्षण विधिहरू परिवर्तन गरी रोचक अवस्था सिर्जना गर्नु उपयुक्त मानिन्छ । गति, यति र लय मिलाई सस्वरवाचन गराउनु, शव्दार्थ गराउनु,भावार्थ वोध गराउनु तथा प्रासङ्गिक व्याख्या गराउनु आदि कविता शिक्षण क्रियाकलाप मानिन्छन् भने गीत तथा अभिनय विधि, अर्थवोध विधि, व्याख्यान विधि, तुलनात्मक विधि, समीक्षात्मक विधि आदि कविता शिक्षण गर्ने विधि मानिन्छन् । कविता शिक्षण गर्ने विधिहरूको सैद्धान्तिक चर्चा तल गरिएको छ ।

### २.३.१ अर्थवोध विधि

कविताका प्रत्येक पङक्ति तथा पाउहरूको अर्थ लगाउदै शिक्षण गर्ने विधिलाई अर्थवोध विधि भनिन्छ । यस विधिद्धारा शिक्षण गर्दा कविताका अन्य पक्ष (भाव, लय, छन्द, वाचन) हरूको उपेक्षा गरिन्छ र अर्थलाई मात्र प्रधानता दिइन्छ । शिक्षक केन्द्रित विधिको रुपमा रहेको यस विधिलाई अवैज्ञानिक मानिए पनि वौद्धिक स्तर कम भएका तह तथा कक्षाहरूमा भने अझ प्रयोग भैरहेको पाइन्छ ।

### २.३.२.व्याख्यान विधि

कविताका प्रत्येक पङ्क्तिको विद्यार्थीहरूलाई शुद्ध लयवद्ध वाचन अभ्यास गराइसकेपछि छन्द, रस,अलङकार आदिको व्यापक उदाहरण सहित विस्तृत रुपमा व्याख्या गर्ने विधिलाई व्याख्यान विधि भनिन्छ। प्रवचन विधिका नामले समेत चिनिने यो विधि माथिल्ला तह तथा कक्षाहरूमा बढी उपयोगी सावित भएको छ।

### २.३.३. व्यास विधि

व्याख्यान विधिको विकसित विधिको रुपमा चिनिने विधि व्यास विधि हो । कविताका भाषाशैली, छन्द, अलङ्कार, विम्ब, प्रतीक आदिको समेत व्याख्या विश्लेषण गरी विभिन्न प्रकारका कथा, सुक्ति आदिलाई उदाहरणको रुपमा प्रस्तुत गर्दै अर्थ वा भावलाई प्रष्ट पार्ने विधि व्यास विधिलाई स्तरीय विधि मानी मा.वि. तथा उच्च तहका कक्षाहरूमा कविता शिक्षण गर्न उपयोग गरिन्छ। शिक्षक केन्द्रित विधिको रुपमा चिनिने यस विधिलाई विशिष्ट भाव अभिव्यक्तिका लागि उपयोगी मानिन्छ।

### २.३.४.अभिनयात्मक विधि

कवितामा प्रयुक्त भावानुकूलको यति गति मिलाई लयवद्ध सस्वरवाचन गराई प्रासङ्गिक रुपमा अभिनय गर्दै कविता शिक्षण गर्ने विधिलाई अभिनयात्मक विधि भनिन्छ । यस विधिद्धारा कविता शिक्षण गर्दा भावार्थ बताउने/सिकाउने कममा उपयुक्त प्रसङ्गलाई नाटकीय रुपमा प्रस्तुत गरी शिक्षण गर्ने यो विधि साना कक्षाका विद्यार्थीहरूका लागि वहुउपयोगी मानिन्छ । यस विधिमा विद्यार्थीहरूले अभिनय हेरेर तथा गरेर सिक्ने हुदा सिकाई चिरस्थायी हुन्छ।

### २.३.५ खण्डान्वयन विधि

कविताका पृथक प्रसङ्गहरूलाई खण्ड खण्ड मानी प्रत्येक खण्डको मर्म वा मुलभाव पत्ता लगाउदै अन्त्यमा पुनः प्रत्येक खण्डका मुलभावहरूलाई एकीकृत गरी कविताको भावार्थ दिने तथा रसास्वादन गराउने विधिलाई खण्डान्वयन विधि भनिन्छ। माथिल्लो तह र कक्षाहरूमा राखिएका खण्डकाव्य वा महाकाव्यहरूको शिक्षणका लागि उपयोगी मानिने यो विधि लामा

कविताहरू शिक्षणका लागि वहुप्रचलित मानिन्छ साथै जटिल भावार्थ भएका कविताहरको शिक्षणमा पनि यो विधि उपयोगी मानिन्छ ।

### २.३.६.तुलनात्मक विधि

कुनै कविता शिक्षण गर्दा उही कविका अन्य कृति तथा अन्य कविहरूका उस्तै भावका कृतिहरूमा भएका छन्द, रस, अलङकार,शैली,भाव आदिका बारेमा समानता र भिन्नता पहिल्याउदै शिक्षण गर्ने विधिलाई तुलनात्मक विधि भनिन्छ । विद्यार्थीहरूमा कुनै दुई विषयहरूका बीच भएका समानता तथा भिन्नता पत्ता लगाउन सक्ने, तर्क गर्ने तथा विवेचना गर्ने क्षमताहरूको विकास गर्न सहयोग पुऱ्याउने तुलनात्मक विधि खासगरी माथिल्ला कक्षाहरूमा उपयोगी मानिन्छ । विभिन्न कवि तथा कविकृतिहरू वीच तुलना गरिने यस विधिले विद्यार्थीहरूमा कविताप्रति रुची समेत जगाउने हँदा यसलाई कविता शिक्षण गर्ने उपयुक्त विधिका रुपमा लिइएको छ ।

### २.३.७. समीक्षात्मक विधि

कविताका सैद्धान्तिक मान्यताका आधारमा कवि तथा कवि कृतिहरूलाई समीक्षा गर्दै शिक्षण गर्ने विधिलाई समीक्षात्मक विधि भनिन्छ । यस विधिले कवितामा भएका रस, छन्द,लय, भाव, शैली,अलङ्कार उद्देश्य आदिको समीक्षा गर्दै कविताको गुण-दोषको चर्चा गर्ने अभीष्ट राखेको हुन्छ । यस विधिले कृतिलाई साहित्यिक मान्यताका कसीमा राखेर विवेचनात्मक अध्ययन गर्ने लक्ष्य राखेको हुन्छ । उच्च तहका कक्षाहरूमा कविता शिक्षण गर्न उपयोगी मानिने यो विधि सर्वाधिक उपयुक्त मानिन्छ ।

## २.४ कविता शिक्षण कार्यकलापहरूको सैद्धान्तिक परिचय

कविता शिक्षणका ऋममा निम्न अनुसारका क्रियाकलापहरू कमअनुसार सञ्चालन गर्नु उपयुक्त मानिन्छ ।

### २.४.१ लयवोध तथा यति, गतिको उचित व्यवस्था गरी लयवद्ध शुद्ध सस्वर वाचन

कविता शिक्षणको कममा सर्वप्रथम कृतिकारको परिचय गराउनु पर्दछ । कक्षाको तहनुसार कविको परिचय दायरालाई निर्धारण गर्नुपर्दछ । कविको कुनै विशेष प्रतिभा, कार्य तथा

रोचक पक्षहरू भए सो पनि चर्चाको क्रममा ल्याउनु उपयुक्त मानिन्छ । कवि परिचय पछि कविताको लयवोध गराउनु उपयुक्त मानिछ । त्यसपछि कवितालाई यति, गति मिलाई लयवद्धरुपमा आदर्श सस्वरवाचन गराउनु पर्दछ । यसरी आर्दश वाचन गराउदा सामुहिक तथा एक्लाएक्लै रुपमा सम्भव भएसम्म सबै विद्यार्थीहरूलाई मौका प्रदान गराउदै सम्पन्न गराउनु पर्दछ ।

## २.४.२.शव्दार्थ शिक्षण

कविताको भावार्थ सिकाउन कविताका पङ्क्तिहरूमा परेका कठिन शव्दहरूको अभिधार्थ तथा लक्षार्थलाई प्रष्ट पार्नु पर्दछ । शव्दार्थको क्रममा विद्यार्थीहरूलाई कठिन शव्दहरू छनौट गर्न लगाई उनीहरूकै माझबाट सही अर्थ खोज्न प्रेरित गर्नुपर्छ । विद्यार्थीहरूबाट सम्भव नभएको अवस्थामा कठिन शव्दहरूको अर्थ पर्यायवाची शव्द दिएर, परिभाषा गरेर, वस्तु-प्रतिमूर्ति–चित्र देखाएर, अभिनय गरेर, वाक्यमा प्रयोग गरेर तथा आशय बताएर अर्थ दिनु र प्रष्ट पार्नु पर्दछ । शव्दार्थपछि मात्र भावार्थ गर्न सकिने हुदाँ शव्दार्थको क्रम दोस्रो र महत्वपूर्ण मानिन्छ ।

## २.४.३ वोध प्रश्नोत्तर

अनुकरणवाचन तथा शव्दार्थ शिक्षणपछि पाठ्यकविताका विषयमा विद्यार्थीहरूमा सामान्य धारणाको विकाश हुनसक्ने हुदा त्यसपछि भावार्थ वोधप्रश्नोत्तर गराउनु उपयुक्त हुन्छ । यस्तो वोधप्रश्नोत्तरबाट विद्यार्थीहरू स्वयंले भावार्थ खोज्ने प्रयास गर्ने, उनीहरूको परनिर्भरता घट्ने तथा समस्या पहिचान गर्ने क्षमताको विकास हुन्छ ।

## २.४.४ भावार्थ

वोधप्रश्नोत्तरका क्रममा विद्यार्थीहरूले आफ्नो सत्प्रयासमा गरेको वोधलाई साथ लिई शैक्षिक सामग्रीहरूको उचित प्रयोग गर्दै पूर्वप्रसङ्ग उल्लेख गर्दै विभिन्न प्रकारका दृष्टान्तहरू दिदै भावार्थ वा लक्षार्थ प्रदान गर्नु उपयुक्त हुन्छ । यसरी गराइने भावार्थको अभ्यासबाट उनीहरूमा (विद्यार्थी) भावबोध हुनुको साथै विश्लेषणात्मक क्षमताको विकास पनि हुने गदर्छ ।

### २.४.५. छन्दको ज्ञान

कवितामा कला वा आवरण पक्ष छन्दको व्यवस्था भएको हुँदा विद्यार्थीहरूलाई कविताको छन्दको वारेमा पनि जानकारी गराउनु वाञ्छनीय हुन्छ । छन्दको ज्ञानले काव्य सौन्दर्यको ज्ञान हुने तथा काव्यमर्म बुझ्न सहयोग पुग्ने हुदाँ छन्दको ज्ञान गराउनु पनि महत्वपूर्ण क्रियाकलाप मानिन्छ । विशेषगरी साना कक्षाका विद्यार्थीहरूको छन्दको वोध गर्ने क्षमता नहुने हुँदा माथिल्ला तह र कक्षाहरूमा यो क्रियाकलाप उपयोगी मानिन्छ ।

### २.४.६ अभिव्याक्ति क्षमताको विकासको अभ्यास

कविता शिक्षणका क्रममा विभिन्न कार्यकलाप सञ्चालन गरी शिक्षणका क्रममा विभिन्न शिक्षण सिकाइ कार्यकलाप सम्पन्न गरिसकेपछि विद्यार्थीहरूमा अभिव्यक्ति क्षमताको विकास गराउन कविताका विषयमा आ-आफ्ना धारणाहरू व्यक्त गर्न उपयुक्त वातावरण सिर्जना गरी कार्यकलाप सञ्चालन गर्नुपर्दछ । यस क्रममा कविताको शीर्षक सार्थकताको चर्चा, कविताको क्षेत्र आदिको चर्चाका साथै शीर्षक विनाको कविता दिई शीर्षक छनौट गर्ने अभ्यास आदि गराउन सकिन्छ ।

### २.४.७ सिर्जनात्मक क्षमता विकासको अभ्यास

लयवद्धवाचन वोधप्रश्नोत्तर, भावार्थ, छन्दको ज्ञान आदि कार्यकलाप गराइसकेपछि उनीहरूमा कविता रचना गर्ने रहर जाग्न थालेको हुन्छ । त्यस्तो वेला उनीहरूलाई पनि आफ्नो क्षमता अनुसार कविता रचना गर्ने हौसला प्रदान गरी अभ्यास गराउनु वाञ्छनीय हुन्छ । कक्षा र उमेर सुहाँउदा उपयुक्त शीर्षक छनौट गरी स्वतन्त्र रुपले कविता रचना गर्ने अभ्यास गराउनाले उनीहरूमा सिर्जनात्मक क्षमता तथा सीपको विकास हुन्छ । यस क्रममा शिक्षकको सक्रिय सहयोगको आवश्यकता पर्दछ ।

यसरी कविता शिक्षण विधि तथा कार्यकलापको सैद्धान्तिक मान्यता तथा ढाँचालाई वास्तविक कार्यरुप दिई व्यवहारिक रुपमा उतारी शिक्षण गर्नाले कक्षाकार्य रोचक तथा प्रभावकारी बन्ने तथा विद्यार्थीहरूले अपेक्षित उपलब्धी हासिल गर्ने कुरामा दुईमत रहदैन । तर कविता विधाले पाउने पाठ्यभार र शिक्षण कार्यकलापले लिने समयावधि मिलाउन भने विषय शिक्षक सदैव चनाखो रहनु पर्दछ । कविता शिक्षणलाई अझ प्रभावकारी तुल्याउन

सहायक कार्यकलाप अन्तर्गत कविता अन्त्याक्षरी प्रतियोगिता, समस्यापूर्ति, कविसम्मेलन, कविजयन्ती तथा कविसमादर जस्ता कार्यकलापहरू संञ्चालन पनि गर्न सकिन्छ ।

## २.५. कविता शिक्षण गर्न प्रयोग गरिने शैक्षिक सामग्रीहरूको परिचय

कुनै खास तह वा कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूका लागि पाठ्यक्रमका खास खास अपेक्षा पूरा गर्न सहयोग पुर्‍याउने उद्देश्यले तयार पारिएका सामग्रीहरूलाई शैक्षिक सामग्री भनिन्छ जसलाई शिक्षणको क्रममा उपयोगमा ल्याइन्छ । यस्ता सामग्रीहरूले शिक्षण कार्यलाई रोचक, प्रभावकारी तथा सरल तुल्याई अपेक्षित उपलब्धी हासिल गर्न तथा गराउन शिक्षण अवधिमा सहयोग पुऱ्याउने हुदाँ यिनीहरूलाई शिक्षण सहयोगी सामग्री पनि भनिन्छ । शिक्षण सहायक सामग्री तथा शैक्षिक सामग्रीहरूको प्रयोग गरी शिक्षण गर्नाले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी तथा फलदायी बनाउने, सिकाइ उद्देश्यपूर्ण वनाउने, शिक्षण रुचिपूर्ण र आर्कषक बनाउने, विद्यार्थीलाई सक्रिय रुपमा सहभागी बनाउने तथा शिक्षण सिकाइमा उत्साह जागृत गराउने हुदाँ शिक्षण सामग्रीको महत्वपूर्ण स्थान रहेको कुरा सर्वस्वीकार्य छ ।

शिक्षण सामग्रीहरूलाई आधार सामग्री र सहयोगी सामग्रीलाई सहायक सामग्री पनि भनिन्छ । भाषा शिक्षणको प्रयोजन भनेको भाषिक सीपहरूको शिक्षण गर्नु हो ।यस क्रममा भाषा पाठ्यपुस्तक सीप विकास गराउने सर्वाधिक महत्वपूर्ण सामग्री मानिन्छ । त्यस्तै गरी शिक्षणको क्रममा प्रत्येक कक्षामा प्रयोग हुने दैनिक प्रयोगका सामग्रीहरू (चक, डस्टर, पाटी) पनि उस्तै महत्वका सामग्री मानिन्छन् । भाषा, पाठ्यपुस्तक तथा दैनिक प्रयोजनका सामग्रीहरू लगायत वास्तविक वस्तुहरू आधार सामग्री मानिन्छन् । (नेत्रप्रसाद पौडेल दोस्रो संस्कारण, नेपाली भाषा शिक्षण) । यस्ता सामग्रीहरू भाषिक तथा भाषेतर दुवै प्रकारका हुनसक्छन् जुन स्थायी प्रकृतिका हुन्छन् । सहायक सामग्रीहरू भन्नाले चाँहि यस्ता सामग्रीहरू बुझिन्छन् जुन भाषा शिक्षणको क्रममा भाषिक सीपका अतिरिक्त साहित्यका विभिन्न पाठ्य विषयको प्रभावकारी शिक्षणका निम्ति प्रयोग उपयोगमा आउछन् । सहायक सामग्रीहरूले कक्षालाई रोचक , शिक्षणलाई प्रभावकारी तथा उद्देश्यपूर्ण बनाउन भूमिका खेल्दछन् । यस्ता सहायक सामग्रीहरू दैनिक रुपमा प्रयोगमा नआउने कुनै खास प्रसङ्गमा मात्र प्रयोग हुने तथा अस्थायी प्रकृतिका हुन्छन् । शिक्षक निर्देशिका, सन्दर्भ ग्रन्थहरू, पत्र-पत्रिका, श्रव्य, दृश्य तथा श्रव्यदृश्य सामग्रीहरू सहायक सामग्रीहरू हुन् ।

शिक्षण सामग्रीहरुलाई देहायबमोजिम प्रस्तुत गर्नसकिन्छ ।

शिक्षण सामग्री

केन्द्रीय वा मुख्य सामग्री

पुरक वा सहयोगी सामग्री

| भाषा पाठ्यपुस्तक | दैनिक प्रयोगका सामग्री | वास्तविक वस्त | श्रव्य सामग्री | दृष्य सामग्री | श्रव्यदृष्य सामग्री | पाठ्य सामग्री | मौखिक सामग्री | स्पर्ष सामग्री |
|---|---|---|---|---|---|---|---|---|
| | (चक, डष्टर, कालोपाटी)ञ | | रेडियो | प्रतिमूर्ति | दुरदर्शन | सन्दर्भ पुस्तक | प्रश्नोत्तर | तातो वस्तु |
| | | | टेपरेकर्डर | चित्र | चलचित्र | शिक्षक निर्देशिका | | गिलो वस्तु |
| | | | टेलिफोन | नक्सा | डकुमेन्ट्री | पाठ्यकम | | खस्रो वस्तु |
| | | | ग्रामोफोन | फलाटिन पाटी | भिडियो | पत्रपत्रिका | | धारिलो वस्त |
| | | | | होडिङ्बोर्ड | कम्प्युटर | अभ्यास पुस्तिका | | भुत्ते वस्तु |
| | | | | गोजीतालिका | टेप | पर्चा | | खोर्सानी |
| | | | | क्यालेन्डर | प्रहसन | तालिका | | नून |
| | | | | स्लाइड | | शब्दार्थपत्ती | | तितेकरेला |
| | | | | सङ्ग्रहालय | | कम्प्युटर | | |
| | | | | तस्वीर | | प्रोजेक्टर | | |
| | | | | | | वाक्यपत्ती | | |

### २.५.१ शिक्षण सामग्रीको आवश्यकता र महत्व

शिक्षण सिकाइ कार्यमा शिक्षण सामग्रीहरूको महत्वलाई बुँदागत रुपमा यसरी व्यक्त गर्न सकिन्छ ।

१) शिक्षणलाई सरल सहज, व्यवस्थित र उद्देश्यपूर्ण बनाउने ।

२) शिक्षण आर्कषक र रुचिपूर्ण हुने ।

३) विद्यार्थीमा सिक्ने अभिरुचि/जाँगर पैदा हुन सक्ने र सिकेका कुरा चिरस्थायी बनाउने । सिकेको कुरो नौ दिनमा नौलो बीस दिनमा बिर्स्यो र तीस दिनमा तर्स्यो नहोस् भन्न र गरेरै सिक्न सक्ने वातावरण पैदा गर्ने ।

४) भाषिक सीपको शिक्षण तथा सिकाइलाई विविधता युक्त बनाउने ।

५) विद्यार्थीहरूको कक्षामा सक्रियता र सहभागिता बढाउने ।

६) अमूर्त, काल्पनिक र भावनात्मक विषयलाई मूर्त यथार्थ र वस्तुपरक बनाउने ।

७) शाब्दिक व्याख्याबाट स्पष्ट हुन नसकेको धारणा स्पष्ट र सहज तुल्याउने ।

८) समय, स्रोत र श्रमको यथोचित प्रयोग हुने ।

९) एकपटक निर्मित तथा सङ्कलित सामग्री सधैँका लागि सुविधायुक्त शिक्षणमा सहायक हुने ।

यी माथिका बुँदागत रुपमा व्यक्त कुराहरूले शिक्षण सिकाइमा शिक्षण सामग्रीको महत्वलाई प्रष्ट पारेको छ ।

### २.५.२ कक्षा ९ मा कविता शिक्षण गर्न प्रयोगमा आउने उपयोगी शिक्षण सामग्रीहरू

माध्यमिक तहको प्राथमिक कक्षाको रुपमा कक्षा ९ लाई लिइन्छ । निम्न माध्यमिक तहको अन्तिम कक्षा कक्षा ८ पास गरी आउने विद्यार्थीहरू कक्षा ९का औपचारिक विद्यार्थीहरूमा पर्दछन् । दुईवटा कक्षाहरू वीचको स्तरमा अन्तर आउनु स्वाभाविक कुरा हो । तर कक्षा ८ र ९ का वीचको अन्तर कक्षागत साथै तहगत अन्तर पनि हुन्छ । कक्षा ८ का विद्यार्थीहरू एउटा तह पार गरी अर्को तहमा पर्दापण हुने हुँदा विषयवस्तुको जटिलताको महसुस गर्न पुग्छन् । यस्तो वेलामा कक्षा ९ मा शिक्षण गर्ने विषय शिक्षककासामु एकप्रकारको चुनौती

पनि उपस्थित भएका हुन्छ । ती चुनौतीहरूको सामना गर्दै कुशल शिक्षण गर्न एउटा कुशल शिक्षण कलाकारको आवश्यकता पर्दछ ।

साहित्यका विविध विधाहरूमध्ये कविता विधा जटिल विधा मानिन्छ । अध्येता (विद्यार्थीहरू) तथा अध्यापक (शिक्षक) दुवैका लागि कविता शिक्षण गर्ने उपयुक्त विधि तथा सामग्री पहिचान र प्रयोग गर्न नसक्दा पसिना कढाउने विषय वनेको छ कविता । साह्रो-गाह्रो पर्दा धर्तीको अर्ति र लाटाको साथी पनि साथ लिनु पर्छ र विपत टार्नु पर्दछ । कविताको विषयवस्तुको क्षेत्र र सर्न्दभअनुसारका सहयोगी सामग्री र उपयुक्त शिक्षण विधिहरूको छनोट गर्न विषय शिक्षक सफल बनेमा कविता शिक्षण कार्य सफल र सहज मात्र होइन सरल, उत्साहप्रद तथा प्रभावकारी बन्न पुग्छ । यसका लागि जसरी कुशल पण्डितहरूवाट मात्र मानिसहरूमा आध्यात्मिक भावको विकास गराउन सम्भव छ त्यसरी नै विद्यार्थीवर्गमा कवितात्मक भावको विकास तथा रुची जागृत गराउन कुशल शिक्षकको कुशल भूमिकाको आवश्यकता पर्दछ । शिक्षण-सिकाइको क्रममा शिक्षण सामग्रीको महत्व उच्च रहन्छ । उपयुक्त शिक्षण सामग्रीको उचित प्रयोगले जटिल मानिने कविता विधा शिक्षण कार्यलाई सहज तुल्याउछ तर उपयुक्त शिक्षण सामग्रीहरूको निर्माण, सङ्कलन तथा यथोचित प्रयोग गर्ने जागर, रुची तथा पेशाप्रतिको समर्पण भाव विषय शिक्षकमा हुनु नितान्त जरुरी हुन्छ । कक्षा ९ मा कविता विधा अन्तर्गत प्राकृतिक विषयवस्तुमा आधारित **वसन्त** कविता सामाजिक विषयवस्तुमा आधारित **भिखारी** कविता तथा नैतिक विषयवस्तुमा आधारित **सत्यसन्देश** कविता संङ्कलित तथा सम्पादित छन् । पृथक–पृथक विषय क्षेत्र र विषयवस्तुमा आधारित यी तीनवटा कविता शिक्षण गर्न केही साझा तथा केही फरक शैक्षिक सामग्रीहरू प्रयोग हुने देखिन्छ । यिनीहरूको सङ्क्षिप्त परिचय यस प्रकार छ ।

### २.५.२.१ भाषा पाठ्यपुस्तक

कक्षा ९ का लागि मा.वि. तहको भाषा पाठ्यक्रमले तय गरेका निर्दिष्ट भाषिक सीपगत उद्देश्यहरू विद्यार्थीहरूमा विकास गराउने सर्वाधिक महत्वपूर्ण सामग्री भाषा पाठ्यपुस्तक मानिन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ यी चारै सीपहरूको विकास गराउनु भाषा पाठ्य पुस्तकविना कठिन मात्र होइन असम्भव सावित हन्छ । कविता शिक्षणको क्रममा लयवद्ध तथा यति–गति आदिको ख्याल गरी सस्वरवाचन गर्न, शुद्धोच्चारण गर्न, शव्दार्थ गर्न, भावार्थ गर्न तथा सप्रसंङ्ग व्याख्या गर्न गराउन भाषा पाठ्यपुस्तक मात्र

एकमात्र ब्रम्हाश्र हतियार हुन सक्छ । यतिमात्र होइन कवि परिचय गराउन भाषिक सीपहरूको पुनरावृत्ति गर्न गराउन पनि भाषा पाठ्यपुस्तक अति उपयोगी सामग्री मानिन्छ । छन्दको ज्ञान गराउन अभ्यास गराउन पनि पाठ्यपुस्तक नै अचूक साधन मानिन्छ । नेपाली नामक कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक भाषिक आधार सामग्री हो जसलाई कविता शिक्षणको प्रारम्भमा सस्वरवाचन गराउँदादेखि मौनवाचन, शुद्धोच्चारण, शव्दार्थ, भावार्थ, व्याख्या श्रुतिलेखन, अनुलेखन,छन्द रस आदिको ज्ञान, कविता रचना अभ्यास तथा अभ्यासात्मक कियाकलाप गराउँदासम्म प्रयोग उपयोग गरी शिक्षण गरिन्छ । यो मुद्रित सामग्री हो । यो सामग्री सम्पूर्ण विद्यार्थीहरूको हातहातमा प्राप्त हुनसक्ने सर्वसुलभ तर सर्वाधिक महत्वपूर्ण र उपयोगी सामग्री हो भन्न कुनै सङकोच मान्नुपर्दैन ।

भाषा शिक्षणमा विषयवस्तु साधन हो भने भाषा र भाषिक सीप साध्य हुन् । साधनविना साध्य प्राप्त गर्न असम्भव हुने हुदाँ पनि पाठ्यपुस्तकको महत्व सर्वाधिक हुन पुगेको हो भाषा शिक्षणमा । त्यसैले कविता शिक्षणको कममा भाषाको स्तरीय र परिस्कृत रुपको विकास गराउन लय, यति–गतिको ख्याल गरी लयवद्ध सस्वरवाचन गर्ने, बुद्धोच्चारण गर्ने, शव्दार्थ र वाक्यमा प्रयोग गर्ने, भावार्थ गर्ने,सप्रसङ्ग व्याख्या गर्ने, साथै स्तरानुकुलका कविता रचना गर्ने सीप विकास गराउन समेत पाठ्यपुस्तकको अपरिहार्यता देखिन्छ ।

### २.५.२.२ वास्तविक वस्तु

भाषा र भाषिक सिपहरूको विकास र विस्तार गर्ने कममा विषयवस्तुलाई साधनको रुपमा लिइन्छ । विषयवस्तु मानवीय–मानवेतर, सजीव–निर्जीव, भौतिक–अभौतिक, साकार–निराकार जे जस्ता पनि हुनसक्छन् । साकार रुपमा भएका वस्तुहरूको शिक्षणको कममा ती वस्तुहरूका वास्तविक रुप प्राप्य हुन सक्यो भने त्यसलाई शिक्षणको क्रममा वास्तविक वस्तुको रुपमा प्रदर्शन गरी कक्षा शिक्षण कार्यलाई सजीव तुल्याई विद्यार्थीहरूमा वास्तविक ज्ञान र सीपको विकास गराउन सम्भव हुनुका साथै कक्षालाई सजीव तुल्याई विद्यार्थीहरूमा जोश, जाँगर, हौसला भर्न सकिन्छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट **वसन्त** कविता शिक्षणका लागि मधुमास वसन्त ऋतु, पुष्पपुञ्ज, कोइलीचरो, नवीन पल्लवयुक्त वोटविरुवा विभिन्न थरिका लतिका तथा वसन्त ऋतुमा आनन्दविभोर मानिसलाई शैक्षिक सामग्रीको रुपमा प्रयोग गरी कक्षालाई रोचक तुल्याउन सकिन्छ । त्यसैगरी महाकवि देवकोटाद्वारा लिखित **भिखारी** कविता शिक्षणका लागि जोगी, मगन्ते, लठ्ठीटेक्दै हिड्ने रोगी

मानिस आदिलाई शिक्षण सामग्रीको रुपमा लिन सकिन्छ । त्यस्ता मानिसहरूलाई विद्यालयमा आमन्त्रण गरी कक्षामा उनीहरूसँग विद्यार्थीहरूको अन्तरक्रिया गराई कक्षा शिक्षणलाई सजीव तुल्याउन सकिन्छ । यसो गर्न सकेमा विद्यार्थीहरूमा भिखारी, जोगी, रोगी आदिप्रति मानवीय भावको विकास गराउनका साथै भाव तथा स्तरानुकूलका भाषाशैलीको विकास गराउन सहज हुन जान्छ । वास्तविक वस्तुलाई कक्षामा यसरी उपस्थित  गराई ती वस्तुसँग विद्यार्थीवर्गलाइ सामञ्जस्य गराइदिन सकेमा न शिक्षकले घोको सुकाउनु पर्छ न त पसिना नै बगाउनु पर्छ । कक्षा ९ मै नेपाली पाठ्यपुस्तकमा समाविष्ट अर्को कविता **सत्यसन्देस** हो । यो कविता शिक्षणका लागि सहजरुपमा प्राप्त गर्न सकिने  वास्तविक वस्तु शैक्षिक सामग्रीको रुपमा प्राप्त गर्न सकिदैन । भ्रमण अध्ययन विधिको प्रयोग गरी अध्यापन गराउने हो भने पाटी, कुटी, कन्दरा, वनजङ्गल, सागसिस्नु, गुन्द्री, थोत्रा लुगा, हात्ती, माछा, पानीजहाज, रेलगाडी, बिजुली, पानीको धारा आदिलाइ देखाइ ती वस्तुहरू माथिको विद्यार्थीहरूको मनोभावना लिखित तथा मौखिक रुपमा अभिव्यक्त गर्ने अनुकूल वातावरण सिर्जना गरी शिक्षण कार्यलाई प्रभावकारी तथा उद्देश्यकेन्द्रित तुल्याउन सकिन्छ ।

यसरी कविता शिक्षणको कममा प्रयोग उपयोगमा ल्याइने शिक्षण सामग्रीहरूको उचित चयन तथा प्रयोग हुनसक्दा कविता शिक्षण प्रभावकारी र फलदायी बन्न पुग्छ । विद्यार्थी तथा शिक्षक आ-आफ्नो लक्ष्यमा पुग्न सक्छन् । तर असान्दर्भिक वस्तुहरूको भिड गराई प्रयोग गराइमा कुसलता आउन सकेन भने स्रोत, श्रम र समय मात्र नोक्सानी हुने नभई शिक्षक तथा विद्यार्थी दुवै असफल हुन्छन् लगानी वालुवामा खन्याएको पानी सरह हुन्छ ।

### २.५.२.३ लिखित सामग्री

भाषा पाठ्यपुस्तकदेखि वाहेकका अन्य लिखित सामग्रीहरूलाई लिखित सामग्री भनी बुझ्नु पर्दछ । यस्ता सामग्रीहरूमा भाषा पाठ्यकम शिक्षक निर्देशिका, शिक्षक नोट, लिखित प्रश्नहरू, उदाहरण, शव्दपत्ती, वाक्यपत्ती छन्दपरिचय आदि पर्दछन् ।

पाठ्यपुस्तकमा राखिएका कविताहरूको उद्देश्य के ? सीमा कति, शिक्षण विधि कुन कुन, पाठ्यभार कति तथा कुन कुन क्रियाकलापद्वारा शिक्षण गर्ने र शिक्षणका क्रममा शिक्षक तथा विद्यार्थी क्रियाकलाप के के हुने ? सोका लागि पाठ्यक्रम तथा शिक्षक निर्देशिका

अपरिहार्य हुन्छन् । शिक्षक निर्देशिकाले शिक्षकलाई शिक्षण सामग्रीको छनौट र प्रयोग गर्ने तरिका(विधि)का बारे जानकारी गराउनका साथै शिक्षण क्रम समेत निर्देशित गर्दछ भने पाठ्यक्रमले विषयवस्तुको क्षेत्र, क्रम, गहिराइ आदिका बारे प्रष्ट स्वरुप प्रदान गर्ने हुँदा विषय शिक्षक कसरी, के, कति, कुन क्रममा शिक्षण गर्ने भनी अन्यौलमा पर्नु पर्दैन । त्यसै गरी शिक्षकले सहयोगी सामग्रीको रुपमा तयार पारेको शिक्षक नोट पनि उत्तिकै उपयोगी र सान्दर्भिक देखिन्छ । यसका साथै शब्दार्थका लागि  शब्दपत्ती वाक्यमा प्रयोग अभ्यास गराउन वाक्यपत्ति, कविताका छन्दको वारेमा जानकारी गराउन गण तथा छन्द परिचय तालिका आदिका साथै विभिन्न सन्दर्भका उदाहरणहरू दिन लिखित उदाहरण तथा शिक्षक नोटहरू पनि उत्तिकै उपयोगी र सहयोगी सावित हुन्छन् । पाठ्यक्रम विकास केन्द्रवाट तयार पारिएका पाठ्यक्रम तथा शिक्षक निर्देशिकाका अलावा विषय शिक्षकले आवश्यकतानुसारका शिक्षक नोट शब्दार्थपत्ती वाक्यपत्ती, उदाहरणहरू, गण–छन्द आदिको परिचय सहितका उदाहरणहरू आफ्नो सक्रियतामा निर्माण तथा प्रयोग गरी कक्षालाई रोचक, प्रभावकारी तथा उद्देश्य केन्द्रित तुल्याउनु पर्दछ ।

कक्षा ९ का नेपाली कविताहरू शिक्षणका क्रममा यस्ता लिखित सामग्रीहरू अपरिहार्य देखिन्छन् । युगकवि सिद्धिचरण श्रेष्ठ (वि.सं.१९६९–२०४९) द्वारा रचित “वसन्त” कविता ऋतुराज वसन्तको वर्णन गर्न र प्रकृति र मानव वीचको अन्तरसम्बन्ध खोज्नमा केन्द्रित छ । संस्कृत शब्दहरूको प्रचुर प्रयोग भएको वंशस्थ छन्दमा रचित यो कविता शिक्षणका लागि लिखित सामग्रीहरूको नितान्त आवश्यकता देखिन्छ । त्यसै गरी महाकवि लक्ष्मीप्रसाद देवकोटा(वि.सं.१९६६–२०१६)को प्रखर वौद्धिकता पोखिएको, मानवतावादी स्वरले भरिएको तथा जटिल भाषाशैलीले भरिएको “भिखारी”  कविता जोसुकैका लागि दूर्वोध्य छ । कक्षा ९ का विद्यार्थीहरूका लागि त लगभग लगभग “फलामको चिउरा” नै प्रतित हुन्छ । सबै प्रकार(श्रव्य, दुष्य, श्रव्य–दृष्य लेख्य पाठ्य) का साजवाज विना यो कविता शिक्षण गर्न खोज्नु वालुवामा पानीका थोपा खसाउनु जस्तै हुन्छ । त्यसकारण सबै प्रकारका लिखित सामग्रीहरू भिखारी कविता शिक्षणका लागि जुटाई उचित प्रयोग गर्नु अति आवश्यक हुन्छ । त्यसरी नै कविशिरोमणि लेखनाथ पौड्याल(वि.सं.१९४१–२०२२) को कवितारचना “सत्यसन्देश” कविता जुन स्रग्घरा छन्दमा छ नैतिक चेतनायुक्त कविता हो । आनीको गीत “फूलको आँखामा फुलै संसार काँडाको आँखामा काँडै संसार” को भावसँग मिल्ने कविता सत्य सन्देश प्रदान गर्न सक्षम छ । मन्दाकिनी, सौदामिनी, दम्भ दुर्भाव, गृहपरिजन, कन्दरा,

जीर्ण कन्था, वितत, बेडा, पृथुतम जस्ता संस्कृत शब्दहरूको प्रयोग भएको कविता कक्षा ९ का विद्यार्थीहरूका लागि जटिलै प्रतित हुन्छ । प्राकृतिक वस्तुहरूको दृष्टान्त दिंदै मानवीय नैतिक मूल्य र मान्यताको  विकास गराउने अभिष्ट बोकेको यो कविताको आशय मुताविक शिक्षण गरी यथोचित भाषिक सीपको विकास गराउन शब्दपत्ती, वाक्यपत्ती लिखित प्रश्नहरू उदाहरणहरू निर्देशिका, पाठ्यक्रम आदि अपरिहार्य मानिन्छन् । त्यति मात्र नभई गण तथा छन्दको जानकारी प्रदान गर्न छन्द तालिका आवश्यक हुन्छ भने कवि परिचय गराउन, भावार्थ गराउन, सप्रसङ्ग व्याख्या गराउन शिक्षक नोट पनि उत्तिकै आवश्यक हुन्छ ।
यसरी कक्षा ९ मा कविता शिक्षणलाई सहज,सरल,रोचक तथा फलदायी तुल्याउन लिखित सामग्रीहरूको उपादेयता शीर्ष स्थानमा रहेको देखिन्छ ।

### २.५.२.४ गोजीतालिका

सहायक शिक्षण सामग्रीमा गोजीतालिका पनि पर्दछ । गोजीहरू हुने र गोजीमा राखेर विभिन्न शब्द तथा अर्थ देखाउन सकिने हुदा यसको नाम गोजी तालिका रहन गएको हो । भाषा शिक्षणमा गोजी तालिका वहुउपयोगी सामग्री मानिन्छ ।

कार्डवोर्डमा गोजीहरू राखी तयार पारिने तालिका गोजी तालिका हो जुन १८X२८" को ठाडो वा तेर्सो कार्डवोर्ड पेपरमा ४५" साइजका शब्दपत्तीहरू राख्न सक्ने गरी बनाइएको हुन्छ । ती गोजीहरूको दुरी १" को हुनुपर्छ ।(पौडेल नेत्रप्रसाद(२०६६) नेपाली भाषाशिक्षण)

करिव १" गहिराइ र आवश्यकता अनुसार लम्बाइका गोजी भएका कपडा वा कागजका सहायक सामग्रीलाई गोजीतालिका भनिन्छ । १५० ग्राम सम्म तौल भएको कार्डवोर्ड पेपर वा कपडालाई तीन ठाउमा मोडेर निर्माण गरिने गोजी तालिकामा कम्तीमा ९ वटा सम्म गोजी हुनु राम्रो हुन्छ । (ढकाल शान्तिप्रसाद(२०६७)नेपाली भाष शिक्षणः परिचय र प्रयोग)

यसरी हेर्दा गोजी तालिका कार्डवोर्ड पेपर वा कपडामा निर्मित गोजीयुक्त शैक्षिक सामग्री हो जसमा निश्चित संख्यामा गोजीहरू हुन्छन् । र ती गोजीहरूको आकार अनुसारका शब्दापत्तीहरू ती गोजीका सहायताले प्रर्दशन गरी शब्दार्थ, विपरितार्थ शब्द, पर्यायवाची शब्द, अनेकार्थी शब्द, श्रुतिसमभिन्नार्थी शब्द, शुद्ध शब्द आदि सहज ढंगले सिकाइन्छ ।

कक्षा ९ मा कविता शिक्षण गर्ने सन्दर्भमा पनि गोजी तालिका उपयोगी सामग्री मानिन्छ । कक्षा ९ का तीनवटै कविताहरूमा क्लीष्ठ शब्दहरूको प्रयोग भएका छन् । वसन्त कवितामा प्रयुक्त माधुर्य, निमग्न, रसराग,कुञ्ज,प्रमोद,हृत्तल,पल्लवी,द्रुम तृण शब्दहरू “भिखारी” कवितामा प्रयुक्त चिथरा,पथरा,झल्लर, बवुरा, आर्तनाद, याचना, अन्तरदिलको रोदन, दृग, शूल, निठुराएथ्यो आदि शब्दहरू र सत्य सन्देश कवितामा प्रयुक्त शब्दहरू मन्दाकिनी, सौदामिनी, बिम्ब, दम्म, दुर्भाव, गृहपरिजन, विधिवश, तुणकुटी, कन्दरा, जीर्ण कन्था, वितत, बेडा, पृथतम आदि शब्दहरू सीमित शब्द भण्डार भएका विद्यार्थीहरूका लागि जटिल बन्न पुग्छन् । यस्ता शब्दहरूको शुद्धोच्चारण गर्न, शब्दार्थ गर्न, पर्यायवचाी शब्द दिन, विपरितार्थी शब्द बनाउन, वाक्यमा प्रयोग गर्न र शब्दलाई राम्ररी खेलाई कविताको भाववोध गरी भावानुकूलको अनुभूति गर्न गोजी तालिका एउटा अत्यन्त सार्थक सामग्री मानिन्छ । शब्दार्थ गराउने विभिन्न क्रियाकलाप नगराई कविता शिक्षण गर्ने प्रचलनले गर्दा विद्यार्थीहरू शिक्षकले पढाइसकेपछि कविताको भाव केही समयसम्म बुझ्दछन् तर व्याख्या गर्न, शब्दहरूलाई अन्य ठाउँमा प्रयोग गर्न सक्तैनन् । सिकेका शब्दहरूलाई सदैव प्रयोग गर्न सक्ने, शब्दढुकुटीको विकास गर्ने तुल्याउन शब्दार्थको क्रियाकलाप गराउन गोजी तालिकाको प्रयोग अधिक गर्नुपर्दछ ।

### २.५.२.५ पाटी

आफू सामग्री नभई अरु सामग्रीहरू लिखित रुपमा व्यक्त गर्न प्रयोग हुने आधार सामग्रीको रुपमा पाटीलाई लिइन्छ । त्यसैले पाटीलाई केन्द्रीय वा मुख्य सामग्री मानिन्छ । पाटीहरू विभिन्न रङका हुन्छन् । रङका आधारमा पाटीलाई कालोपाटी, सेतोपाटी,हरियो पाटी गरी विभक्त गर्न सकिन्छ । नेपालका अधिकांश विद्यालयहरूमा प्रयोग हुने पाटी कालोपाटी हो जस्मा सेता चकहरूले लेख्ने गरिन्छ । कालो पाटी कक्षाको मध्यम भागमा पर्ने गरी सम्भव भए भित्तामा जमिनको सतहबाट ३ फिट उचाइदेखि  ७ फिट सम्मको बनाउनु पर्छ नभए काठको फल्याक जोडेर बनाउनुपर्छ । पाटी लम्बाइ पर्याप्त भएको, लेख्न सकिने, खस्रो, भेट्न सकिने चिल्लो हुनुपर्दछ । आजभोलि बजारमा आएका  बेरेर बोक्न सकिने वोर्डहरू( पाटी) पनि देखिन थाले पनि  अधिकांश ठाउँ र विद्यालयमा प्रयोग हुने पाटी भनेको काठबाट निर्मित र भित्तामा जडित नै हुन् । कालोपाटीको प्रयोग गर्दा चकको धुलोले शिक्षक तथा विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पार्ने हुँदा हिजोआज धुलोरहित चकको प्रयोग हुन थालेको पाइन्छ ।

चकको धुलोबाट शिक्षक र विद्यार्थी वर्गमा पर्ने प्रतिकूल असरलाई पूर्णतया निर्मुल पार्न आर्थिक रुपले सम्पन्न विद्यालयहरूमा सेतो पाटी र मार्कर कलमको प्रयोग हुन थालेको पनि पाइन्छ । आखिर पाटीको रङ्ग र लेख्ने साधन फरक भएपनि र स्वास्थ्यका दृष्टिले अनुकूल प्रतिकूल जे भए पनि पाटी अन्ततः लिखित सामग्री प्रस्तुत गर्ने शिक्षण सामग्री नै हो ।

पाटीमा विभिन्न प्रकारका तथ्याङ्कहरू, तालिकाहरू, सूचनाहरू, बुँदाहरू, शब्दहरू, अर्थहरू, विवरणहरू प्रदर्शन गरी शिक्षण सिकाइ क्रियाकलापलाई सरल प्रभावकारी र फलदायी तुल्याउन सकिन्छ । त्यसै गरी प्रश्नोत्तरका लागि, छलफलका लागि, अभ्यासका लागि विभिन्न प्रकारका प्रश्नहरू, बुँदाहरू लेखी विद्यार्थीहरूलाई शिक्षण सिकाइमा सक्रिय तुल्याउन पनि पाटी अत्यन्त उपयोगी सामग्री बन्दछ । त्यसरी नै प्रश्नोत्तर तथा छलफलको क्रममा विद्यार्थी वर्गबाट आएका जवाफहरूलाई ठीक वेठीकको कसीमा राखेर निर्णयमा पुग्न पनि कालोपाटीमा ती जवाफहरूलाई लेख्नु सान्दर्भिक हुन्छ । यसरी पाटी वहुउपयोगी शिक्षण सामग्री सावित भएको छ ।

कक्षा ९ मा कविता शिक्षणको क्रममा कालोपाटीको उपादेयताको कुरा गर्दा यो वहुउपयोगी सामग्री नै सावित हुन्छ । कविताको लयवद्ध सस्वरवाचको अभ्यास गराउने, यति–गतिको जानकारी गराउने, छन्दको परिचय दिने, शुद्धोच्चारण गर्ने गाह्रा शब्दहरूको शुद्धोच्चारणको अभ्यास गराउने, शब्दार्थ गराउने, वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने, भावार्थ गराउने सप्रसङ्ग व्याख्याको अभ्यास गराउने, प्रश्नोत्तर गराउने तथा नयाँ कविता रचना गर्ने अभ्यास गराउने जस्ता विविध क्रियाकलाप गराउन कालोपाटी नभई हुदैन । विद्यार्थी अन्तरक्रिया गराउने, प्रश्नोत्तर गराउने, लिखित सामग्री तयार पार्ने, विभिन्न प्रकारका विद्यार्थी प्रतिक्रियाहरूलाई छलफलका लागि प्रस्तुत गर्ने, सामग्री संकलन तथा प्रदर्शन गर्ने माध्यम सामग्री पाटी नै हो । वसन्त, भिखारी तथा सत्य सन्देश कवितामा कक्षा ९ का अधिकांश विद्यार्थीहरूका लागि अप्ठ्यारा लाग्ने धेरै शब्दहरूको प्रयोग भएका कारण दूर्वोध्य छन् । ती कविताहरूलाई सुवोध तुल्याउन सर्वप्रथम शब्दार्थको अभ्यास पर्याप्त मात्रामा गराउनु पर्दछ जसका लागि पाटी आवश्यक हुन्छ । त्यसै गरी कविताको छन्द र छन्द अनुसारको लय पत्ता लगाई लयबद्ध वाचन गराउन पनि पाटी अपरिहार्य हुन्छ ।

यसरी कक्षा ९ का कविताहरू शिक्षण गर्ने विभिन्न प्रकारका शिक्षण क्रियाकलाप सञ्चालन गरी अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न पाटी अत्यावश्यक सामग्री मानिन्छ । अर्को शब्दमा भन्नु पर्दा पाटी विना अध्ययन अध्यापनको रथ सुचारु ढंगले चल्नै सक्तैन । फुलालाइनको कपडामा तल र माथि दोब्र्याई बाँसको वा काठको लठ्ठी घुसारी झुण्ड्याएर कुनै लिखित सामग्री, नक्सा वा तस्वीर प्रदर्शन गर्न सकिने सामग्री  फलाटिन पाटी हो । कक्षा ९ मा कविता शिक्षणको क्रममा वसन्त कवितामा हराभरा वसन्तमय प्रकृतिको चित्र, भिखारी कवितामा जड लठ्ठीको भरमा धरमराउँदै आएको भेषभूषा, भाषा र अवस्थाले अत्यन्त कारुणिक अवस्थामा रहेको देखिने भिखारीको वास्तविक रुप दर्सिने तस्वीर प्रदर्शन गर्न साथै सत्य सन्देश कविताको प्रसङ्गाानुसारका तस्वीर प्रदर्शन गर्न फलाटिन पाटी पनि अति नै उपयोगी शैक्षिक सामग्री देखिन्छ ।

### २.५.३ सारांश

समग्रमा भन्नुपर्दा शिक्षण सिकाइ क्रियाकलापलाई उद्देश्य केन्द्रित तुल्याउन, विद्यार्थी उपलब्धिलाई सुनिश्चित तुल्याउन र शिक्षकको शिक्षण कार्यलाई सरल, सरस प्रभावकारी तुल्याउन आधारभूत शिक्षण सामग्री तथा शिक्षण सहायक सामग्री लङ्गडाका लठ्ठी हुन् जसले सरल र सहज ढङ्गले तोकिएको समय भित्रमा गन्तव्यमा पुग्न महत्वपूर्ण सहयोग पुऱ्याउँछन् तब मात्र शैक्षिक क्षेत्रमा गरिएको लगानी, श्रम र समयको सही सदुपयोग हुन्छ । तर शिक्षण सामग्रीको रुपमा अनावश्यक र अप्रासाङ्गिक वस्तु तथा सामग्रीहरूलाई छनौट र प्रयोग गर्न थालियो भने शिक्षण कार्यको दिशा भङ्ग हुन गई दुष्परिणाम निस्कन थाल्छ । त्यसकारण पाठ्यपुस्तक, लेख्य सामग्री, वास्तविक वस्तु, पाटी आदिलाई उचित ठाउँमा उचित ढङ्गले प्रयोग गर्ने कुरामा शिक्षक सदैव सचेत रहनु पर्दछ । शैक्षिक सामग्रीको प्रयोग गर्दा उपयुक्त सामग्रीलाई उपयुक्त समयमा उपयुक्त ढङ्गले प्रयोग गरी उपादेयता समाप्त हुनासाथ तुरुन्त सही व्यवस्थापन गरी हाल्नु पर्दछ नत्र विद्यार्थी तिनै सामग्रीमा भुलिरहन्छन, शिक्षकको अरु कक्षाकार्य बुझ्दैनन । यस्तै लिखित सामग्री वा तस्वीर वा वास्तविक वस्तु वा शब्दापत्तीहरू उपयुक्त समय नआई प्रदर्शन गरेमा विद्यार्थीको ध्यान त्यतैतिर गई अरु कक्षा क्रियाकलापमा असक्षम बन्न पुग्दछन् भने उपयुक्त समयमा प्रदर्शन गरी ती सामग्रीहरूलाई उचित व्यवस्थापन नगर्दा पनि सोही समस्या देखापर्छ । कालोपाटी सफा गर्ने,राम्रा अक्षरले लेख्ने, लेखिसकेपछि मेट्नेदेखि लिएर अनावश्यक कुरा नलेख्ने, बेला-बेलामा रङ लगाउने जस्ता उपयोग विधिमा समेत शिक्षक विज्ञ हुनुपर्दछ । साथै

आवश्यकता अनुसार कालोपाटी विद्यार्थीहरूलाई पनि प्रयोग गर्न दिनु पर्दछ जसले विद्यार्थीहरूको सिकाइप्रतिको प्रेरणा जागृत गराउन मद्धत गर्दछ । शिक्षण सामग्रीहरू केही हदसम्म आफै बोल्छन् । तिनीहरूलाई स्पष्ट रुपले बकाउन गुरु झाँक्रीको भूमिका शिक्षकको हुने गर्दछ र धुपौरेको रुपमा विद्यार्थीहरूको । कालोपाटी, सेतोपाटी, हरियोपाटी तथा फलाटिन पाटी यस्तै शैक्षिक सामग्री प्रदर्शन गर्ने तथा लेख्ने सामग्री हुन् ।

## २.६ कक्षा ९ मा कविता शिक्षण गर्न उपयुक्त शिक्षण विधिहरू

कक्षा ९ माध्यमिक तहको शुरुको कक्षा हो । एउटा तह पार गरी अर्को तहमा प्रवेश हुने हुँदा स्तर अनुरुप केही नौलोपन आउनु अस्वाभाविक मानिदैन । एउटा कक्षाको मात्र अन्तर भएपनि तहगत अन्तरमा फरक नै पर्न जान्छ । कक्षा ८ र ९ मा विषयवस्तुहरूको अन्तर ठूलै छ । अध्ययन अध्यापनको सवालमा पनि माथिल्लो तहमा बढी गहिरिएर जानुपर्ने, आउँदो बनाउने भन्दा पनि पाठकले अनुभूति गर्नुपर्ने र आफ्ना ढङ्गले ती विषय वस्तुहरूको सही विश्लेषण समेत गर्नुपर्ने भएको हुँदा विद्यार्थीहरूमा त्यस्ता गुण तथा क्षमताहरूको विकास हुन शिक्षण विधि पनि गुणात्मक नै हुनुपर्दछ । तल्ला कक्षाहरूमा जस्तो व्याख्यान विधिको प्रयोग गरी शिक्षण गर्ने र विद्यार्थीहरूले कविता कण्ठस्थ गर्ने पद्धतीहरूको अन्त्य गरी कविताको आशय बुझी बोध गर्ने, विभिन्न ढङ्गले कविताको विश्लेषण गर्ने तथा कविता रचना गर्ने क्षमताको प्रार्दुभाव समेत यस तह र कक्षावाट हुने हुँदा उपयुक्त तथा विशिष्ट शिक्षण विधिहरूको प्रयोग हुनु आवश्यक हुन्छ । कक्षा ९ मा कविता शिक्षण गर्न निम्नानुसारका शिक्षण विधिहरू अपनाउनु उचित देखिन्छ ।

### २.६.१ गीत तथा अभिनय विधि

कविता शिक्षणको क्रममा कवि परिचय गराइ सकेपछि शुद्ध सुनाइ, बोलाइ तथा पढाइ सीपको विकासका लागि कविता पठन वा वाचन अभ्यास गराउनु पर्छ । शुद्धोच्चारण तथा लयवद्ध वाचन हुन सके नसकेको थाह पाई आवश्यकता अनुसार अभ्यासद्वारा शुद्धीकरण गर्न सस्वरवाचन गराउनु पर्दछ । त्यसैले कविताको सस्वरवाचन गराउँदा गितीलयमा गराउनु पर्दछ । यति, गति, लय आदिको ख्याल गरी कवितालाई गिती लयमा वाचन गर्न विद्यार्थीहरूलाई अभिप्रेरित गरी दखिएको समस्याहरूको समाधान गर्न गीत विधिलाई उपयोग गर्नु वाञ्छनीय हुन्छ । गिती लयले विद्यार्थीहरूको मनलाई आकर्षित गर्ने र

पढाइप्रति प्रेरित गर्ने हुँदा यो विधि उपयोगी सिद्ध भएको पाइन्छ । यसका लागि शिक्षक निपूण हुनुपर्दछ र सबै विद्यार्थीहरूलाई समान अवसरको वातावरण तयार पार्न सक्नुपर्दछ । त्यसैगरी कविताका माध्यमले भाषिक सीपहरू विकास गर्न तथा अभिनय आदि क्षमताको विकास गर्न अभिनय विधिलाई उपयोगमा ल्याउन सकिन्छ । कविताको कथावस्तुलाई कथात्मक शैलीमा ढाली विद्यार्थीहरूलाई पात्रको रुपमा अभिनय गराई शिक्षण गर्ने विधि अभिनय विधि हो । विद्यार्थीहरूले गरेर सिक्ने यस विद्यार्थी केन्द्रित विधिद्वारा शिक्षण गर्न सकेमा बक्षा प्रभावकारी हुनुका साथै विद्यार्थीहरूलाई सक्रिय तुल्याउन सकिन्छ । यस विधिद्वारा शिक्षण गर्दा नियन्त्रित वातावरण तयार गर्न भने शिक्षक सक्षम हुनुपर्दछ ।

## २.६.२ छलफल विधिः

मा.वि.तह(कक्षा ९) मा कविता शिक्षण गर्ने उपयुक्त विधि अन्तरगत छलफल विधि पर्दछ । सिङ्गै कक्षा गोलमेचमा बसेर वा साना  साना समूहमा विभक्त भएर पाठ्यवस्तुसँग सम्वद्ध विषयवस्तु, समस्या वा प्रश्नमा केन्द्रित भई आ–आफ्नो विचार व्यक्त गर्ने अरुका विचारहरू धैर्यतापूर्वक सुन्ने र सामुहिक रुपमा निष्कर्षमा पुग्ने विधिलाई छलफल विधि भनिन्छ । कविता शिक्षणको क्रममा  कवि परिचय, विशेषता, शीर्षक परिचय, लय, भाव, छन्द, रस शीर्षक सार्थकता आदिका विषयमा शीर्षकगत रुपमा  छलफल गरी निष्कर्षमा पुग्न छलफल विधि वहुउपयोगी मानिन्छ । यसरी छलफल विधिद्वारा शिक्षण गर्न अघिल्लै दिन विषय शीर्षकहरू दिएर औपचारिक रुपमा छलफल गराएर वा तत्काल विषयवस्तु शीर्षक वा समस्या दिएर अनौपचारिक रुपमा पनि छलफल गराई शिक्षण गर्न सकिन्छ । विद्यार्थी केन्द्रित विधि अन्तरगतको छलफल विधिका माध्यमले प्रत्येक पाउ कविताको भावार्थ सङ्कलन गरी समग्र भाव पत्ता लगाउन यो विधिद्वारा भाषाका चारै सीपहरूको विकास गराउन सकिन्छ । यस विधिका लागि विषय शिक्षकको भूमिका केन्द्रीय रुपमा रहनु पर्दछ ।

## २.६.३ तुलनात्मक विधि

पाठ्य कविताका कविका अन्य कविता वा अन्य कविहरूको कविताहरूसँग पाठ्य कवितालाई तुलना गरी अध्यापन गर्ने विधिलाई तुलनात्मक विधि भनिन्छ । सुवोद्य कवि वा कविकृतिको चर्चा गरी सोसँग पाठ्यकविताको सामिप्यता देखाई अध्यापन गर्ने विधि पनि कक्षा ९ का लागि कविता शिक्षण गर्ने उपयुक्त विधि मानिन्छ । जानेकोबाट नजानेको तिर जाने यो विधिले विद्यार्थीहरूमा तुलनात्मक ढङ्गले समस्याहरूको अध्ययन तथा समाधान गर्ने

क्षमताको विकास गर्ने र आत्मा निर्णय गर्ने क्षमताको विकास हुने हुँदा उपयोगी नै मानिन्छ । कवि तथा कविताका विषयमा गहन अध्ययन गर्नु पर्ने यस तहमा तुलनात्मक विधि सबै विधा शिक्षण गर्न उपयोगी विधि मानिन्छ ।

### २.६.४ प्रश्नोत्तर विधि

पाठ्यवस्तुसँग सम्बन्धित स्तर अनुरुपका प्रश्नहरू निर्माण गरी ती प्रश्नहरू विद्यार्थीहरूलाई सोधी विद्यार्थीहरूले ती प्रश्नहरूको दायराभित्र रही जवाफ दिने विधिलाई प्रश्नोत्तर विधि भनिन्छ । विद्यार्थीहरूबाट आएका ती प्रश्नहरूको जवाफहरूलाई शिक्षकले ध्यान पूर्वक सुनी सही समाधान आउन नसकेको ठाउँमा शिक्षकले सुधारको प्रयास गरिदिनु पर्दछ । यस विधिद्वारा शिक्षण गर्दा सबै विद्यार्थीहरूलाई सक्रिय बनाउन सकिने र शिक्षक स्वयम् पनि सही समाधान दिन सदैव तयार हुनुपर्ने हुँदा यस विधिले सबै शिक्षक तथा विद्यार्थीहरूलाई चनाखो र सक्रिय तुल्याउँछ । त्यसैले कक्षा ९ का लागि महत्वपूर्ण शिक्षण विधिका रुपमा प्रश्नोत्तर विधिलाई लिइन्छ ।

### २.६.५ चित्र तथा श्रव्य सामग्री प्रयोग विधि

पाठ्यकवितासँग सम्बन्धित चित्र, वस्तु, स्थान आदिलाई प्रदर्शन गरी कविता शिक्षण गर्दा पनि शिक्षण प्रभावकारी र उद्देश्य केन्द्रित हुन्छ । नयाँ नयाँ शैक्षिक सामग्रीहरूको प्रयोगले विद्यार्थीहरूमा पढाइप्रति उत्साह पैदा गर्ने तथा शिक्षकलाई शिक्षण गर्न सहज हुने हुँदा चित्र प्रदर्शन विधि पनि प्रभावकारी विधि मानिन्छ । त्यसरी नै कविताको लय वोध गराउन हरेक कवितालाई साङ्गितिक रुपमा रेकर्ड गराई ती रेकर्डलाई कक्षामा सुनाई लयवोधको शिक्षण गर्न सकिन्छ । यो विधिद्वारा शिक्षण गर्न सम्भव भए भाषा प्रयोगशालाको स्थापना गर्नुपर्दछ । कविता शिक्षणका लागि विद्यार्थीहरूलाई भाषा प्रयोगशालामा लगी साङ्गितिक वातावरणमा शिक्षण गर्नु सर्वोत्तम मानिन्छ । कविता शिक्षण गर्न कक्षा ९ का लागि यो भाषा प्रयोगशाला विधि उपयुक्त मानिन्छ । यद्धपि भाषा प्रयोगशालाको स्थापना सबै विद्यालयहरूमा सम्भव भने छैन ।

### २.६.६ व्याख्यान विधि

शिक्षक केन्द्रित विधिहरू मध्ये सर्वाधिक प्रचलनमा रहेको शिक्षण विधि व्याख्यान विधि हो । कुनै पनि प्रकारका शिक्षण सामग्रीहरूको अभावमा समेत प्रयोगमा ल्याउन सकिने विधि

व्याख्यान विधि हो । कक्षा ९ मा कविता शिक्षणको क्रममा कवि परिचय, छन्द परिचय, भावार्थ आदि गराउन व्याख्यान विधि उपयोगी हुन्छ । शिक्षक वक्ता र विद्यार्थीहरू स्रोताका भूमिकामा रहने यस विधिले विद्यार्थी निष्क्रियतामा वृद्धि गर्ने भएता पनि शिक्षकको कुशल प्रयोगमा यस विधिका दुर्गुणहरू हटाई प्रभावकारी ढङ्गले उपयोग गर्न सकिन्छ ।

## २.७ सारांश

कक्षा ९ मा कविता विधा शिक्षणका माध्यमद्वारा विद्यार्थीहरूमा भाषाका सुनाइ, वोलाइ, पढाइ, लेखाइ चारै सीपहरूको विकास गर्ने लक्ष्य राखिएको छ । यसका साथै कविता विधाका माध्यमबाट विद्यार्थी वर्गमा सिर्जनशील क्षमताको विकास गर्ने र अन्तरनिहित क्षमताको प्रष्फुटन गराउने लक्ष्य पनि राखिएको हुन्छ । यी भाषिक सीप तथा क्षमता विकास गराउने लक्ष्य पूरा गर्न कविता शिक्षण गर्ने कुनै एउटा मात्र विधि पर्याप्त हुदैन । कुनै एउटा शिक्षण विधिले निश्चित भाषिक सीपको मात्र विकास गराउन समर्थ हुन्छ । त्यसकारण निर्धारित समग्र भाषिक सीप तथा  क्षमताको विकास गराउन वहुशिक्षण विधिहरूको प्रयोग हुनै पर्दछ । आधुनिक  शिक्षण विधिको रुपमा आएका भाषा प्रयोगशाला विधि, छलफल विधि, अभिनय विधि, प्रश्नोत्तर विधि तथा पुरानो शिक्षण विधिको रुपमा स्थापित व्याख्यान विधि सबैलाई आवश्यकता अनुसार मिलाएर प्रयोग गर्नैपर्छ । कवि परिचय, छन्द तथा भावादिका विषयमा जानकारी गराउन व्याख्यान विधि नै उपयोगी हुन्छ भने यति गति, लय आदिको जानकारीका लागि भाषा प्रयोगशाला विधि उपयोगी हुन्छ ।त्यसै गरी सिकाइलाई चिरस्थायी तुल्याउन अभिनय विधि सान्दर्भिक हुन्छ । त्यसरी नै प्रश्नोत्तर तथा समस्या समाधान विधिहरूले आफ्ना चिन्तनहरूमा शुद्धीकरण गर्न बल पुऱ्याउँछन् । समग्रमा भन्नुपर्दा कक्षा ९ का लागि बहुविधिहरू नै प्रयुक्त हुन्छन् र हुनु पनि पर्दछ ।

# अध्याय : तीन

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

### ३.१ परिचय

साहित्यका विविध विधाहरूमध्ये कविता विधा स्तरीय विधा मानिन्छ । यो विधाको रचना, वोध तथा शिक्षण सबै रचनाकार अध्येता तथा अध्यापकहरूका लागि तुलनात्मक रुपमा जटिल प्रतित हुन्छ  यद्धपि यस विधाले पाठकवर्गमा काल्पनिक शक्तिको विकास गर्दै मीठो रसानुभूति गराउँछ । लयात्मकताका कारण पाठक वर्ग कविता कण्ठस्थ पारी प्रसङ्ग  अनुसार तिनीहरूको सदुपयोग गर्छन् भने शिक्षक वर्ग पनि कविताका विशेष अंशहरूलाई शिक्षणको क्रममा उसरी नै प्रयोग गर्छन् । कक्षा ९ मा कविता शिक्षण गर्ने उपयुक्त विधि कुन हो? के कुनै एउटा विधि पूर्णविधि(सफल विधि) हुन सक्छ? हरेक विद्यालयमा नेपाली कविता शिक्षण गर्ने शिक्षकहरूका शिक्षण विधिमा एकरुपता छन्? कविता शिक्षण गर्ने विषय शिक्षकहरू के कस्ता समस्याहरू भोगिरहेका छन् र विद्यार्थी वर्ग कविता अध्ययनमा के के कठिनाइहरू भोगिरहेका छन्? यसको उपयुक्त निकास के हुनसक्छ? यी विविधि प्रश्नहरूको जवाफ के हुन सक्छ भनी खोजी गर्नु एउटा अनुसन्धानको विषय हुन सक्छ । त्यसैले यस अनुसन्धानमूलक लेखले कविता शिक्षण विधिसँग सम्बन्धित विभिन्न सूचना(तथ्याङ्क) हरू सङ्कलन गरी तिनीहरूको व्यापक रुपमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरेको छ । विशेष गरी तथ्याङकका प्राथमिक स्रोतका रुपमा रहेका प्रतिनिधि, विषय शिक्षक तथा विद्यार्थीहरूलाई कविता शिक्षण सम्बन्धि प्रश्नावली फाराम भराई तथा ती शिक्षकहरूका कक्षा अवलोकन गरी अवलोकन फारामबाट आवश्यक सूचनाहरू **सङकलन** गरी द्वितीयक स्रोतका रुपमा रहेका पूर्व अनुसन्धाता तथा लेखकहरूका अनुसन्धान तथा लेखका आधारमा प्राप्त तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । यसरी सङ्कलित तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको यस अनुसन्धानात्मक अध्ययनका क्रममा सरकारी र निजी तथा आवासीय विद्यालयका शिक्षकहरू तालिम प्राप्त र अप्राप्त शिक्षकहरूका कविता शिक्षण विधिमा रहेका शिक्षणगत विविधताहरूको पहिचान गरी उपयुक्तताको खोजी समेत गरिएको छ ।

## ३.२. विद्यालय र शिक्षकहरूको विवरण:

इलाम जिल्लाका ५ वटा सरकारी र ५ वटा निजी तथा आवासीय विद्यालयका शिक्षकहरूको स्थिति निम्नानुसार रहेको पाइयो :

**तालिका नं. १**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको विवरण**

| विद्यालयको किसिम | शिक्षकहरूको किसिम | | | | जम्मा विद्यालय |
|---|---|---|---|---|---|
| | तालिम प्राप्त | | तालिम अप्राप्त | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| सरकारी विद्यालय | ५ | १००% | – | – | ५ |
| निजी तथा आवासीय विद्यालय | ४ | ८०% | १ | २०% | ५ |
| जम्मा | ९ | ९०% | १ | १०% | १० |

अध्ययनका लागि छनौट गरिएका ५ वटा सरकारी विद्यालय र निजी तथा आवासीय ५ वटा गरी जम्मा १० वटा विद्यालयका मा.वि.नेपाली विषय शिक्षकहरू मध्ये सरकारी विद्यालयका पाँचै जना शिक्षकहरू तालिम प्राप्त रहेको र निजी विद्यालय तर्फका ५ जना मध्ये ४ जना तालिम प्राप्त र १ जना तालिम अप्राप्त रहेको पाइयो । यो तथ्याङ्कको विश्लेषण गर्दा सरकारी विद्यालयले शतप्रतिशत शिक्षकहरू तालिम प्राप्त नियुक्त गरी सरकारको तालिम प्राप्त व्यक्तिहरूलाई मात्र शिक्षक पदमा नियुक्त गर्ने मान्यताको अनुसरण गरेको पाइयो भने निजी विद्यालयमा ५ वटा विद्यालय मध्ये ८० प्रतिशत शिक्षकहरू (४ जना) तालिम प्राप्त र २० प्रतिशत शिक्षक( १ जना) तालिम अप्राप्त रहेको पाइयो । यस विवरणले निजी विद्यालयहरूमा अध्यापन अनुमति पत्र नलिएका तालिम अप्राप्त व्यक्ति पनि शिक्षक पदमा रहेको देखियो ।

## ३.३ शिक्षक प्रश्नावली फाराम कक्षा अवलोकन फाराम र विद्यार्थी प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषणः

### ३.३.१ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङकहरूको विश्लेषण :

यस अध्ययनका लागि सरकारी विद्यालयको ५ जना शिक्षक र निजी विद्यालयका ५ जना शिक्षक गरी १० जना कक्षा ९ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूलाई बहबैकल्पिक उत्तरहरू सहितको शिक्षक प्रश्नावली फाराम भराई सो फारामबाट प्राप्त तथ्याङ्करुलाई विविध शीर्षक अन्तर्गत तालिकामा प्रतिशतमा देखाई सोको विश्लेषण गरिएको छ ।

#### ३.३.१.१ पाठयोजनाः

कविता शिक्षण गर्दा पाठयोजना बनाई प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन्ः–

**तालिका नं.२**

**सरकारी र निजी विद्यालयका शिक्षकहरू वीच तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ४<br>८०% | १<br>२०% | ५<br>१००% | ३<br>६०% | २<br>४०% | ५<br>१००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयहरूको कक्षा ९ मा नेपाली विषय अर्न्तगत कविता विधा शिक्षण गर्न पाठयोजना बनाउँछु भन्ने शिक्षकहरू ५ जनामा ४ जना(८०%) पाइयो भने बनाउन्न भन्ने शिक्षक १ जना (२०%) पाइयो । सोही प्रश्नमा निजी विद्यालयका ५ जना शिक्षक मध्ये ३ जना (६०%)ले बनाउने र २ जना(४०%)ले नबनाउने जवाफ दिएको पाइयो । यस जवाफले सरकारी विद्यालयमा तालिम प्राप्त शिक्षक मात्र नियुक्ति गर्ने परिपाटी रहेको र निजी विद्यालयको त्यस्तो प्रावधान नभएको पाइयो । तालिम प्राप्त शिक्षकहरूले पाठयोजना निर्माण र प्रयोग गर्ने गरेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरूमा पाठयोजना निर्माण गर्ने सीप नै नभएको देखियो । पाठयोजना बनाउँछु भनी फाराम भर्ने

शिक्षकहरूलाई पाठयोजना देखाउन लगाउँदा अधिकांश सँग पाठयोजना लिखित रुपमा पाइएन ।

## तालिका नं.३

## तालिम प्राप्त र अप्राप्त शिक्षकवीच तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ४<br>८०% | १<br>२०% | ५<br>१००% | ३<br>६०% | २<br>४०% | ५<br>१००% |

### ३.३.१.२. कविता शिक्षणको उद्देश्य

कक्षा ९ मा नेपाली विषय अन्तर्गत कविता विधा अध्यापन गर्नुको उद्देश्य “भाषिक सीप विकास गर्नु र साहित्यिक रसास्वादन गर्नु मध्ये कुन उद्देश्य राखेर कविता शिक्षण गर्नुहुन्छ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

## तालिका नं.४

## सरकारी र निजी विद्यालयका शिक्षक बीच तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सीप | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप | साहित्यिक रसास्वादन | जम्मा |
| १<br>२०% | ४<br>८०% | ५<br>१००% | २<br>४०% | ३<br>६०% | ५<br>१००% |

माथिको तालिकालाई अध्ययन गर्दा सरकारी विद्यालयका १ जना शिक्षक(२०%)ले भाषिक सीप विकासलाई महत्व दिएका पाइयो भने ४ जना शिक्षकहरू(८०%) ले साहित्यिक रसास्वादनलाई जोड दिएर शिक्षण गरेको पाइयो । त्यसरी नै निजी विद्यालयका ५ जना शिक्षकहरू मध्ये २ जना (४०%) शिक्षकहरूले भाषिक सीप विकासलाई कविता शिक्षणको अमिष्ट राखेको पाइयो भने ३ जना ६०% शिक्षकहरूले साहित्यिक रसास्वादन गराउन

कविता शिक्षण गरिने विचार प्रकट गरेको पाइयो । संख्यात्मक रुपमा सरकारी र निजी विद्यालयका शिक्षकहरू एउटा उद्देश्यमा केन्द्रित हुनेहरू फरक देखिएता पनि समग्रमा भाषिक सीपलाई भन्दा साहित्यिक रसास्वादनलाई महत्व दिनेको संख्या बढी(७०%) रहेको पाइयो ।

**तालिका नं.५**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप | साहित्यिक रसास्वादन | जम्मा |
| २<br>२२.२२% | ७<br>७७.७७% | ९<br>९९.९९% | १<br>१०% | –<br>– | १<br>१००% |

तालिम प्राप्त शिक्षकहरू मध्ये २ जना(२२.२२%) शिक्षकहरूले कविता शिक्षणको प्रयोजन भाषिक सीप विकास गराउने र ७ जना शिक्षकहरू(७७.७७ %)ले साहित्यिक रसास्वादन गराउने लक्ष्य राखेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरू मध्ये १ जना शिक्षकले भाषिक सीप विकासलाई महत्व दिएको पाइयो ।

### ३.३.१.३ भाषिक सीप

कविता शिक्षणका क्रममा कुन भाषिक सीप विकासलाई बढी महत्व दिएर शिक्षण गर्नुहुन्छ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फाराममा दिनु भएका जवाफहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं.६**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| सुनाई बोलाइ | पढाइ लेखाइ | जम्मा | सुनाई बोलाइ | पढाइ लेखाइ | जम्मा |
| १<br>२०% | ८<br>८०% | ५<br>१००% | २<br>४०% | ३<br>६०% | ५<br>१००% |

माथिको तालिकालाई हेर्दा सरकारी विद्यालयका १ जना र निजी विद्यालयका २ जना गरी ३ जना शिक्षकहरू(३०%५) ले सुनाइ र बोलाइ सीप विकासलाई उच्च महत्व दिएको पाइयो भने सरकारी विद्यालयका ४ जना र निजी विद्यालयका ३ जना गरी ७ जना शिक्षकहरू(७०%) ले पढाइ र लेखाइ सीप विकासलाई बढी महत्व दिएको पाइयो ।

**तालिका नं.७**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| सुनाई बोलाइ | पढाइ लेखाइ | जम्मा | सुनाई बोलाइ | पढाइ लेखाइ | जम्मा |
| ३<br>३३.३३% | ६<br>६६.३३% | ९<br>१००% | –<br>– | १<br>१००% | १<br>१००% |

तालिम प्राप्त जम्मा ९ जना शिक्षकहरू मध्ये ३ जना(३३.३३%)शिक्षकहरूले सुनाइ र बोलाइ भाषिक सीप विकासलाई महत्व दिएको पाइयो भने ६ जना (६६.३३%) शिक्षकहरूले पढाइ र लेखाइ सीप विकासलाई महत्व दिई कविता शिक्षण गरेको पाइयो । जनसंख्या छनौटमा परेका तालिम अप्राप्त १ जना (१००%)शिक्षकले भने पढाइ र लेखाइ सीप विकासलाई कविता शिक्षणको अभीष्ट बनाई शिक्षण गरेको पाइयो । माध्यमिक तहको पाठ्यक्रमले कविता शिक्षणको प्रयोजनमा पढाइ र लेखाइलाई महत्व दिएको र अधिकांश शिक्षकहरूले सोही अनुसार गराएको भएता पनि ४ जना (४०%)शिक्षकहरूको धारणा फरक पाइयो ।

### ३.३.१.४ वाक्यमा प्रयोग

कविता शिक्षणका क्रममा शब्दार्थ गराउदा वाक्यमा प्रयोग गराउनु हुन्छ कि हुन्न? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन्:–

## तालिका नं.८

## सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा |
| ५<br>१००% | –<br>– | ५<br>१००% | ४<br>८०% | १<br>२०% | ५<br>१००% |

माथिका तालिकालाई हेर्दा सरकारी विद्यालयका सबै(१००%) शिक्षकहरूले वाक्यमा प्रयोग गराउने गरेको पाइयो भने निजी विद्यालयका ४ जना ८०% शिक्षकहरूले वाक्यमा प्रयोग गराउने र १ जना २०% शिक्षकले वाक्यमा प्रयोग नगराउने गरेको पाइयो ।

## तालिका ९

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरू बीच तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा |
| ९ | - | ९ | - | १ | १ |
| १०० % | - | १०० % | - | १०० % | १०० % |

शव्दार्थ शिक्षणको क्रममा ९ जना तालिम प्राप्त शिक्षकहरू सबैले वाक्यमा प्रयोग गर्न लगाउने भनी जवाफ दिएको पाइयो र तालिम अप्राप्त १ जना शिक्षकले शव्दार्थको क्रममा वाक्यमा प्रयोग नगराएको पाइयो । यो तथ्याङ्कले तालिमप्राप्त शिक्षकहरूको शिक्षणमा प्रभावकारिता बढी र तालिम अप्राप्त शिक्षकहरूको शिक्षणमा क्रम प्रभावकारिता रहेको पाइयो ।

### ३.३.१.५ गति यति मिलाई लयवद्ध सस्बर वाचन

कविता शिक्षणको क्रममा तपाँई गति यति मिलाई सस्वर वाचन गराउनु हुन्छ कि हुन्न ? भन्ने शिक्षक प्रश्नावली फाराममा सोधिएको प्रश्नमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

**तालिका नं. १०**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्न लगाउने | गर्न नलगाउने | जम्मा | गर्न लगाउने | गर्न नलगाउने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १०० % | - | १०० % | १०० % | - | १०० % |

सरकारी र निजी तथा आवासीय दुवै प्रकारका विद्यालयका दशैजना (१००%) शिक्षकहरूले कविता शिक्षणको क्रममा यति गति मिलाई सस्वरवचान गराएको पाइयो । यस तथ्याङ्कले सुनाइ बोलाइ र पढाइ सीपको विकासमा सहयोग पुगेको देखियो ।

**तालिका नं. ११**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरू वीच तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्न लगाउने | गर्न नलगाउने | जम्मा | गर्न लगाउने | गर्न नलगाउने | जम्मा |
| ९ | - | ९ | १ | - | १ |
| १०० % | - | १०० % | १०० % | - | १०० % |

### ३.३.१.६ एकल र समूह वाचन

कविता शिक्षण गर्ने क्रममा यति गति मिलाई लयवद्धसस्वरवाचन गराउदा कुन विधि प्रयोग गर्नु हुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

## तालिका नं . १२

## सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| एकल वाचन | समूह वाचन | जम्मा | एकल वाचन | समूह वाचन | जम्मा |
| १ | ४ | ५ | २ | ३ | ५ |
| २० % | ८० % | १०० % | ४० % | ६०% | १०० % |

माथिको तथ्याङ्कले सरकारी विद्यालयका १ जना (२०%) शिक्षकले एकल वाचन गराउने गरेको ४ जना (८०%) शिक्षकले समूहगत वाचन गराउने गरेको पाइयो । त्यसरी नै निजी विद्यालयका २ जना शिक्षक (४०%)ले एकलवाचन गराउने र ३ जना शिक्षकहरू (६०%)ले समूहगत वाचन गराउने गरेको पाइयो ।

## तालिका नं. १३

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| एकल वाचन | समूहगत वाचन | जम्मा | एकल वाचन | समूहगत वाचन | जम्मा |
| २ | ७ | ९ | १ | - | १ |
| २२.२२ % | ७७.७७ % | ९९.९९ % | १०० % | - | १०० % |

नमूना छनौटमा परेका दश ृजना शिक्षकहरू मध्ये २ जना तालिम प्राप्त शिक्षक (२२.२२ %) ले एकल वाचन र ७ जना (७७.७७ %) शिक्षकहरूले समूहगत वाचन गराउने गरेको देखियो भने तालिम अप्राप्त एकजना (१०० %) शिक्षकले एकलवाचनलाई बढी महत्व दिएको पाइयो । अभ्यासका लागि समूहगत वाचनलाई महत्व दिनुपर्ने कुरामा तीन जना शिक्षक असफल पाइयो ।

### ३.३.१.७ व्याख्यान विधिको प्रयोग

कविता शिक्षणको क्रममा तपाँई व्याख्यान विधिको प्रयोग गर्नु हुन्छ कि हुन्न ? भन्ने प्रश्नको जवाफमा शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङकहरू यस प्र्कार रहेको छन्-

**तालिका नं . १४**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्छु | गर्दिन | जम्मा | गर्छु | गर्दिन | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १०० % | - | १०० % | १०० % | - | १०० % |

माथिको तथ्याङकलाई हेर्दा सरकारी तथा निजी दुवै प्रकारका विद्यालयका दशै जना शिक्षकहरूले व्याख्यान विधिको प्रयोग गर्ने गरेको पाइयो । वास्तवमा अरु विधिहरूका साथ-साथै व्याख्यान विधि पनि कविता शिक्षणमा प्रयोग हुने विधि नै हो ।

**तालिका नं.१५**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्छु | गर्दिन | जम्मा | गर्छु | गर्दिन | जम्मा |
| ९ | - | ९ | १ | - | १ |
| १०० % | - | १०० % | १०० % | – | १०० % |

तालिम प्राप्त तथा अप्राप्त दुवै शिक्षकहरू (१०० %) ले व्याख्या विधिको प्रयोग गर्ने गरेको पाइयो । तालिम प्राप्त ९ जना र तालिम अप्राप्त १ जना गरी १० जना शिक्षकहरूले नै शिक्षणको कममा (कविता शिक्षण) व्याख्यान विधिको प्रयोग गरेको पाइयो ।

### ३.३.१.८ वोध प्रश्नोत्तर

कविता शिक्षणको क्रममा बोध प्रश्नोत्तर विधिको प्रयोग गर्नु हुन्छ कि हुन्न ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरू निम्नानुसार रहेका छन् -

**तालिका नं.१६**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ३ | २ | ५ | २ | ३ | ५ |
| ६० % | ४०% | १०० % | ४० % | ६०% | १०० % |

माथिको तालिकाबाट सरकारी विद्यालयका ३ जना (६० %) शिक्षकहरूले प्रश्नोत्तर विधिको प्रयोग गर्ने २ जना (४० %) शिक्षकहरूले प्रश्नोत्तर विधिको प्रयोग नगर्ने गरेको देखियो । त्यसै गरी निजी विद्यालयका २ जना शिक्षकहरू (४० %)ले प्रश्नोत्तर विधिको प्रयोग गर्ने गरेको र ३ जना (६० %) शिक्षकहरूले प्रयोग नगर्ने पाइयो । समग्रमा प्रश्नोत्तर विधिको प्रयोग गर्ने र नगर्ने ५०% देखियो ।

**तालिका नं.१७**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ | ४ | ९ | - | १ | १ |
| ५५.५५ % | ४४.४४ % | ९९.९९ % | – | १०० % | १०० % |

माथिको तालिकाबाट तालिम प्राप्त शिक्षकहरू ९ जना मध्ये ५ जना शिक्षकहरू (५५.५५ %)ले प्रश्नोत्तर विधिको प्रयोग गर्ने गरेको र ४ जना (४४.४४ %) शिक्षकहरूले प्रयोग

गर्ने नगरेको पाइयो । त्यसै गरी तालिम अप्राप्त १ जना शिक्षकले पनि प्रश्नोत्तर विधिको प्रयोग नगरेको पाइयो ।

### ३.३.१.९ गीत तथा अभिनय विधिको प्रयोग

कविता शिक्षणको क्रममा के तपाँई गीत तथा अभिनय विधिको प्रयोग गर्नु हुन्छ ? भन्ने शिक्षक प्रश्नावली फारामको प्रश्नमा शिक्षकहरूबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् -

**तालिका नं. १८**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ३ | २ | ५ | २ | ३ | ५ |
| ६० % | ४०% | १०० % | ४० % | ६० % | १०० % |

माथिको तालिका अनुसार सरकारी विद्यालयका ३ जना (६० %) शिक्षकहरूले गीत तथा अभिनय विधिको प्रयोग गर्ने र २ जना (४० %) शिक्षकहरूले यस विधिको प्रयोग नगर्ने गरेको पाइयो भने निजी विद्यालयका २ जना (४० %) शिक्षकहरूले यस विधिकोप्रयोग गर्ने र ३ जना (६० %) शिक्षकहरूले नगर्ने गरेको पाइयो । यो तथ्याङ्कले सरकारी विद्यालयका शिक्षकहरूले तुलानात्मक रुपमा यस विधिको प्रयोग बढी गर्ने गरेको पाइयो ।

**तालिका नं. १९**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ | ४ | ९ | | १ | १ |
| ५५.५५ % | ४४.४४ % | ९९.९९ % | | १०० % | १०० % |

माथिको तालिकालाई हेर्दा तालिम प्राप्त शिक्षकहरू मध्ये ५ जना (५५.५५ %) शिक्षकहरूले गीत तथा अभिनय विधिको प्रयोग गर्ने गरेको र ४ जना (४४.४४ %) शिक्षकहरूले प्रयोग नगरेको पाइयो भने तालिम अप्राप्त १ जना १०० % शिक्षकले यस विधिको प्रयोग गर्ने गरेको पाइयो । समग्रमा यस विधिको प्रयोग गर्ने र नगर्नेको सङ्ख्य बराबर (५० % +५० %) देखियो ।

### ३.३.१.१० सारांश लेखन

तँपाई कविता शिक्षणको कममा विद्यार्थीहरूलाई कविताको सारांश लेखन अभ्यास गराउनु हुन्छ कि हुन्न ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फाराममा शिक्षकहरूको जवाफका तथ्याङकहरूलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. २०**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउछु | गराउन्न | जम्मा | गराउछु | गराउन्न | जम्मा |
| ४ | १ | ५ | ३ | २ | ५ |
| ८० % | २०% | १०० % | ६० % | ४० % | १०० % |

माथिको तालिका हेर्दा सरकारी विद्यालयका ४ जना (८० %) शिक्षकहरूले सारांश लेखन अभ्यास गराउने गरेको र १ जना (२० %) शिक्षकले नगराउने गरेको पाइयो भने निजी विद्यालयका ३ जना (६० %) शिक्षकले सारांश लेखन गराउने र २ जना (४० %) शिक्षकहरूले सो अभ्यास नगराउने गरेको पाइयो । समग्रमा ७ जना(७० %) शिक्षकले सारांश लेखन गराउने र ३ जना (३० %) शिक्षकहरूले नगराउने गरेको पाइयो ।

## तालिका नं. २१

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउछु | गराउन्न | जम्मा | गराउछु | गराउन्न | जम्मा |
| ७ | २ | ९ | | १ | १ |
| ७७.७७ % | २२.२२ % | ९९.९९ % | | १०० % | १०० % |

यस तालिकाका आधारमा तालिम प्राप्त शिक्षकहरू मध्ये ७ जना (७७.७७ %) शिक्षकले सारांश लेखन  गराउने र २ जना (२२.२२ %) शिक्षकहरूले नगराउने गरेको पाइयो भने तालिम अप्राप्त १ जना (१०० %) शिक्षकले सो अभ्यास नगराउने गरेको पाइयो ।

### ३.३.१.११ शिक्षण विधि

कविता शिक्षणको क्रममा कुन विधिको प्रयोग गर्नु हुन्छ ? भन्ने शिक्षक प्रश्नावली फारामको प्रश्नको उत्तरमा प्राप्त तथ्याङ्कहरू तल प्रस्तुत गरिको छ-

## तालिका नं. २२

## सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षक केन्द्रित | विद्यार्थी केन्द्रित | अन्तर क्रियात्मक | जम्मा | शिक्षक केन्द्रित | विद्यार्थी केन्द्रित | अन्तर क्रियात्मक | जम्मा |
| - | २ | ३ | ५ | — | २ | ३ | ५ |
| - | ४०% | ६०% | १००% | — | ४०% | ६०% | १०० % |

सरकारी विद्यालयका २ जना (४० %) शिक्षकहरूले विद्यार्थी केन्द्रित विधिको प्रयोग गरेको र ३ जना (६० %) शिक्षकहरूले अन्तरक्रियात्मक विधिको प्रयोग गर्ने गरेको साथै निजी विद्यालयका शिक्षकहरूले पनि २ जना (४० %) शिक्षकले विद्यार्थी केन्द्रित विधि र ३ जना (

६०%) शिक्षकहरूले अन्तरक्रियात्मक विधिको प्रयोग गर्ने गरेको तथ्याङक माथिको तालिकाले प्रस्तुत गरेको छ ।

**तालिका नं. २३**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षक केन्द्रित | विद्यार्थी केन्द्रित | अन्तरक्रियात्मक | जम्मा | शिक्षक केन्द्रित | विद्यार्थी केन्द्रित | अन्तरक्रियात्मक | जम्मा |
| | ४ | ५ | ९ | | | १ | १ |
| | ४४.४४% | ५५.५५% | ९९.९९% | | | १००% | १०० % |

माथिको तालिकाले शिक्षक केन्द्रित विधिको प्रयोग हुन छाडेको देखियो । तालिम प्राप्त ४ जना (४४.४४ %) शिक्षकहरूले विद्यार्थी केन्द्रित विधिको प्रयोग गरेको र ५ जना (५५.५५%) शिक्षकहरूले अन्तरक्रियात्मक विधिको प्रयोग गरेको पाइयो भने तालिम अप्राप्त १ जना (१०० %) शिक्षकले अन्तरक्रियात्मक विधिको प्रयोग हुने गरेको पाइयो ।समग्रमा ४ जना (४०%) ले विद्यार्थी केन्द्रित विधिको प्रयोग र ६ जना (६० %) शिक्षकहरूले अन्तरक्रियात्मक विधिको प्रयोग गरेको पाइयो जुन अहिलेको मान्यता पनि हो ।

### ३.३.१.१२ पाठ्यकम दिग्दशनि तथा निर्देशिकाको प्रयोग

कविता शिक्षण गर्दा पाठ्यकम दिग्दशनि तथा निर्देशिकाको प्रयोग गर्नु हुन्छ ? भन्ने शिक्षक प्रश्नावली फारामको प्रश्नको उत्तरमा आएका तथ्याङकहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

## तालिका नं. २४

## सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सधै प्रयोग गर्ने | कहिले काँही प्रयोग गर्ने | कहिले पनि प्रयोग नगर्ने | जम्मा | सधै प्रयोग गर्ने | कहिले काँही प्रयोग गर्ने | कहिले पनि प्रयोग नगर्ने | जम्मा |
| ४ | १ | | ५ | ३ | २ | | ५ |
| ८०% | २०% | | १०० % | ६०% | ४०% | | १०० % |

माथिको तालिकाले सरकारी विद्यालयका ४ जना (८० %) शिक्षकहरूले पाठ्यक्रम दिग्दर्शनि तथा निर्देशिकाको प्रयोग गर्ने गरेको र १ जना (१००%) शिक्षकहरूले उक्त शैक्षिक सामग्रीहरूको प्रयोग कहिले काँही गर्ने गरेको पाइयो भने निजी विद्यालयका ३ जना (६० %) शिक्षकहरूले सधै प्रयोग गर्ने गरेको  र २ जना (४० %) शिक्षकहरूले कहिले काँही गर्ने गरेको पाइयो तर कहिले पनि प्रयोग नगर्ने शिक्षक सरकारी तथा निजी दुवै विद्यालयमा नरहेको पाइयो । यस तथ्याङकले शिक्षण विधि अनुसार शिक्षण हुने गरेको देखायो ।

## तालिका नं. २५

## तालिम प्राप्त र अप्राप्त शिक्षकबीच तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सधैँ प्रयोग गर्ने | कहिलेकाहीँ प्रयोग गर्ने | कहिले पनि प्रयोग नगर्ने | जम्मा | सधैँ प्रयोग गर्ने | कहिलेकाहीँ प्रयोग गर्ने | कहिले पनि प्रयोग नगर्ने | जम्मा |
| ७ | २ | - | ९ | - | १ | - | १ |
| ७७.७७% | २२.२२% | | १०० % | | १०० % | | १०० % |

माथिको तालिकाबाट तालिम प्राप्त शिक्षकहरूमध्ये ७ जना (७७.७७%) शिक्षकहरूले सधै पाठ्यक्रम दिग्दर्शन र शिक्षक निर्देशिकाको प्रयोग गर्ने गरेको र २ जना (२२.२२%) शिक्षकहरूले कहिलेकाहीँ मात्र प्रयोग गर्ने गरेको देखियो भने तालिम अप्राप्त एक जना ( १०० % )शिक्षकले भने कहिलेकाही मात्र प्रयोग गर्ने गरेको मात्र पाइयो । समग्रमा पाठ्यक्रम दिग्दर्शन र शिक्षक निर्देशिकाको अधिकांश शिक्षकहरू ७० % ले सधै प्रयोग गर्ने गरेको र तीन जना (३०%) शिक्षकहरूले कहिलेकाही मात्र प्रयोग गर्ने गरेको पाइयो । प्रयोग नगर्ने शिक्षकहरूको सङ्ख्या शुन्य पाइनु यसको सकारात्मक पक्ष देखियो ।

### ३.३.१.१३ नियमित विद्यार्थी मूल्याङ्कन

के तपाँई कक्षा कार्यकलाप पश्चात नियमित विद्यार्थी मूल्याङ्कन गर्नु हुन्छ ? भन्ने शिक्षक प्रश्नावाली फाराममा छनौटमा परेका विद्यालयका शिक्षकहरूले दिएको जवाफलाई तलको तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका नं. २६**

**सरकारी र निजी विद्यालयका शिक्षकवीच तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| गर्छु | बहिलेकाहीँ गर्छु | गर्दिन | जम्मा | गर्छु | कहिलेकाहीँ गर्छु | गर्दिन | जम्मा |
| ५ | - | - | ५ | ४ | १ | - | ५ |
| १०० % | - | - | १०० % | ८०% | २०% | - | १०० % |

माथिको तालिकाबाट सरकारी विद्यालयका ५ जना (१००%) शिक्षकहरूले सधै विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो भने निजी विद्यालयका ४ जना (८०%) शिक्षकहरूले सधै विद्यार्थी मूल्याङ्कन गर्ने र १ जना (२०%) शिक्षकले कहिलेकाहीँ मूल्याङ्कनलाई नियमितता दिएको र सधै मूल्याङ्कन नगर्ने शिक्षकहरूको सङ्ख्या शुन्य पाइयो ।

## तालिका नं. २७

## तालिम प्राप्त र अप्राप्त शिक्षकबीच तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| गर्छु | कहिलेकाहीँ गर्छु | गर्दिन | जम्मा | गर्छु | कहिलेकाहीँ गर्छु | गर्दिन | जम्मा |
| ९ | - | - | ९ | | १ | - | १ |
| १०० % | - | - | १०० % | | १०० % | - | १०० % |

माथिको तालिकाबाट तालिम प्राप्त शिक्षकहरू ९ जना (१००%) शिक्षकहरूले नै नियामित विद्यार्थी मूल्याङ्कन गर्ने गरेको र तालिम अप्राप्त १ जना (१००%) शिक्षकले भने कहिलेकाहीँ मात्र विद्यार्थी मूल्याङ्कन गरेको पाइयो । समग्रमा कक्षा शिक्षणको अन्त्यमा मूल्याङ्कन गर्नुपर्ने सैद्धान्तिक मान्यतालाई अधिकांश (९०%) शिक्षकहरूले पालना गरेको पाइयो ।

### ३.३ १.१४ मूल्याङ्कनका साधन

विद्यार्थी मूल्याङकन गर्दा कुन साधनल्ाई प्रयोगमा ल्याउनु हुन्छ भन्ने शिक्षक प्रश्नावली फारामको प्रश्नबाट प्राप्त तथ्याङ्कहरूलाई यसप्रकार तालिकीकरण गरिएको छ ।

## तालिका नं. २८

## सरकारी र निजी विद्यालयका शिक्षकवीच तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | जम्मा | लिखित | मौखिक | दुबै | जम्मा |
| | २ | ३ | ५ | | ३ | २ | ५ |
| | (४०%) | (६०%) | (१००%) | | (६०%) | (४०%) | (१००%) |

माथिको तालिकाबाट सरकारी विद्यालयका शिक्षकहरूमध्ये २ जना (४०) शिक्षकहरूले मूल्याङ्कनका लागि मौखिक विधि र ३ जना (६०%) शिक्षकहरूले लिखित मौखिकदुवै विधि

प्रयोग गर्ने गरेको देखियो । त्यसरी नै निजी विद्यालयका शिक्षकहरूमध्ये ३ जना (६०%) शिक्षकहरूले मौखिक विधि प्रयोग गर्ने र २ जना (४०%) शिक्षकहरूले दुवै विधि प्रयोग गर्ने गरेको पाइयो । समग्रमा मौखिक र लिखित दुवै विधि प्रयोग गर्ने शिक्षकहरूको संख्या तथा प्रतिशत बराबर (५० % + ५० %) रहेको देखियो ।

## तालिका नं. २९

### तालिम प्राप्त र अप्राप्त शिक्षकबीच तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | जम्मा | लिखित | मौखिक | दुबै | जम्मा |
| | ४ | ५ | ९ | | १ | | १ |
| | ४४.४४% | ५५.५५% | ९९.९९% | | १००% | | १००% |

माथिको तालिकाबाट तालिम प्राप्त शिक्षकहरू मध्ये ४ जना (४४.४४) शिक्षकहरूले मौखिक विधि मात्र प्रयोग गर्ने र ५ जना (५५.५५%) शिक्षकहरूले दुवै( लिखित मौखिक)विधि प्रयोग गर्ने गरेको देखियो । भने तालिम अप्राप्त शिक्षक १ जना (१००%) शिक्षकहरूल भने मौखिक विधि प्रयोग गन गरेको पाइयो । समग्रमा ९ जना तालिम प्राप्त शिक्षक र १ जना तालिम अप्राप्त शिक्षकहरूको मूल्याङन विधि फरक पाइयो ।

### ३.३.१.१५ शिक्षण विधिहरूको प्रयोग

कक्षा ९ मा करिवता शिक्षण गर्दा तपाई कुन कनु विधिको प्रयोग बढी गर्नुहुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रह्नावली फारामबाट प्राप्त तथ्याङ्कहरू देहायबबमोजिमको तालिकामा देखाउन सकिन्छ :

## तालिका नं.३०

## सरकारी र निजी विद्यालयका शिक्षकवीच तुलना

| शिक्षण विधिहरू | सरकारी विद्यालयका शिक्षक | | निजी विद्यालयका शिक्षक | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| गीत अभिनय तथा तुलनात्मक | १ | (२०%) | | |
| तुलनाात्मक तथा प्रश्नोत्तर व्याख्यान तथा अभिवोध | २ | (४०%) | १ | (२०%) |
| प्रश्नोत्तर छलफल, व्याख्यान समीक्षात्मक प्रश्नोत्तर | १ | (२०%) | २ | (४०%) |
| व्याख्यान समीक्षात्मक प्रश्नोत्तर | १ | (२०%) | २ | (४०%) |

माथिको तालिका अध्ययन गर्दा सरकारी विद्यालयका १ जना (२०%) शिक्षकले छलफल, तुलनात्मक तथा व्याख्यान, अभिवोध तथा प्रश्नोत्तर विधि प्रयोग गर्ने गरेको १ जना (२०%) शिक्षकले प्रश्नोत्तर, छलफल तथा व्याख्यान विधिको प्रयोग गर्ने गरेबको र १ जना (२०%) शिक्षकले व्याख्यान समीक्षात्मक तथा प्रशनोत्तर विधिको प्रयोग गर्ने गरेको पाइयो । निजी विद्यालयका शिक्षकहरू मध्ये चाहिँ १ जना (२०%) शिक्षकले व्याख्यान, अर्थवोध तथा प्रश्नोत्तर विधिको प्रगोग, २ जना (४०%) ले प्रश्नोत्तर, छलफल तथा व्याख्यान विधिको २ जना (४०%) ले व्याख्यान समीक्षात्मक तथा प्रश्नोत्तर विधिको प्रयोग गर्ने गरेको पाइयो । समग्रमा व्याख्यान प्रश्नोत्तर तथा छलफल विधिको प्रयोग बढी हुने गरेको पाइयो ।

## तालिका नं. ३१

## तालिका प्राप्त र अप्राप्त शिक्षकहरूवीच तुलना

| शिक्षण विधिहरू | तालिम प्राप्त शिक्षक | तालिम अप्राप्त शिक्षक |
|---|---|---|
| गीत, अभिनय तथा तुलनात्मक | - | - |
| छलफल तुलनात्मक प्रश्नोत्तर | १ (११.११%) | - |
| व्याख्यान अद्वोध प्रनोत्तर | ३ (३३.३३%) | - |
| प्रश्नोत्तर छलफल व्याख्यान | ३ (३३.३३%) | - |
| व्याख्यान समीक्षात्मक प्रनोत्तर | २ (२२.२२%) | १ (१००%) |
| जम्मा | ९(९९.९९%) | १ (१००%) |

माथिको तालिकाबाट तालिमप्राप्त ९ जना शिक्षकहरूमध्ये १ जना (११.११%) शिक्षकले छलफल, तुलनात्मक र प्रश्नोत्तर विधिको प्रयोग, ३ जना (३३.३३%) शिक्षकहरूले व्याख्यान अर्थवोध तथा प्रश्नोत्तर विधिको प्रयोग, ३ जना (३३.३३%) शिक्षकहरूले प्रश्नोत्तर छलफल तथा व्याख्यान विधिको प्रयोग साथै २ जना (२२.२२%) शिक्षकहरूले व्याख्यान। समीक्षात्मक तथा प्रश्नोत्तर विधिको प्रयोग गर्ने गरेको पाइयो । तालिम अप्राप्त १ जना (१००%) शिक्षकले भने व्याख्यान समीक्षात्मक तथा प्रश्नोत्तर विधिको प्रयोग गर्ने गरेको देखियो । यसरी हेर्दा सबै प्रकारका शिक्षकहरूले बहुशिक्षण विधिहरूको प्रयोग गर्ने गरेको पाइयो ।

## ३.३ सारांश

शोध अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरूका कक्षा ९ मा नेपाली विषय शिक्षण गर्ने विषय शिक्षकहरूका लागि तयार पारिएको शिक्षक प्रश्नावली फाराममा स्वयं विषय शिक्षकले भरेका विवरणहरूलाई साराशंको रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

- सरकारी विद्यालयका शतप्रतिशत शिक्षकहरू तालिम प्राप्त र निजी तथा आवासीय विद्यालयका ८० प्रतिशत शिक्षकहरू तालिम प्राप्त र (२०%) शिक्षक तालिम अप्राप्त रहेको पाइयो ।
- सरकारी तथा निजी विद्यालयका शिक्षकहरूको अधिकांश उत्तरहरूमा एकरुपता पाइयो ।
- तालिम अप्राप्त शिक्षकहरूका तुलनामा तालिम प्राप्त शिक्षकहरूको कक्षा रोचक र प्रभावकारी भएको पाइयो ।
- तालिम अप्राप्त शिक्षकहरूको तुलनामा तालिम प्राप्त शिक्षकहरूको कक्षा रोचक र प्रभावकारी  भएको पाईयो ।
- सरकारी विद्यालयको शिक्षकहरूमध्ये अधिकांशले दैनिक पाठयोजना बनाउने तथा पाठ्यक्रम दिव्दर्शन र शिक्षक निर्देशिकाको प्रयोग गर्ने गरेको पाइयो भने निजी विद्यालयका शिक्षकहशरुमा केही कमी देखियो ।
- कविता शिक्षण गर्न व्याख्यान अर्थवोध तथा प्रश्नोत्तर विधिको बढी प्रयोग भएको पाइयो ।
- कविता शिक्षण गर्नुको उद्देश्य भाषिक सीप विकास गराउनु भन्दा साहित्यिक रसास्वादन गराउँन केन्द्रित रहेको पाइयो ।
- लयवद्ध वाचन गराउदा समूहवाचनलाई बढी जोड दिइएको पाइयो ।
- अधिकांश शिक्षकहरूले मूल्याङ्कन पक्षलाई जोड दिदै गएको पाइयो ।
- मूल्याङ्कन गराउदा मौखिक मूल्याङ्कनलाई जोड दिइएको पाइयो ।
- सुनाइ र बोलाइ सीप विकासको तुलनामा पढाइ र लेखाइ सीप विकासलाई बढी महत्व दिइएको पाइयो ।
- सबैजसो शिक्षकहरूले अन्तरक्रियात्मक शिक्षण विधिलाई बढी महत्व दिइएको पाइयो ।

### ३.३.२. कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको विश्लेषण

कक्षा ९ मा कविता शिक्षण गर्दा प्रयोग गरिएको विधिहरूको अध्ययन शीर्षकमा तयार पार्न लागिएको यस अनुसन्धानात्मक शोध कार्यलाई पूरा गर्न छनोटमा परेका सरकारी तथा निजी

विद्यालयमा कक्षा ९ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूको कविता शिक्षण गर्दै गरेको कक्षा पूर्व जानकारी विना नै अवलोकन गरियो । कक्षा अवलोकन गर्न ८ वटा शीर्षक अन्तर्गत ३० वटा उपशीर्षकहरू राखी उत्तम, मध्यम र  निम्न श्रेणीमा श्रेणीकरण गरिएको कक्षा अवलोकन फाराम तयार पारी स्वयं अनुसन्धाताले कक्षा अवलोकन गरी सो फाराम भरी तथ्याङ्क लिई त्यसलाई तालिकीकरण गरी विश्लेषण गरियो जुन देहायबमोजिम छ ।

# तालिका-३२

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| विषयवस्तु | सरकारी विद्यालय | | | | | | | निजी विद्यालय | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १) शिक्षकको व्यक्तित्व | उत्तम | | मध्यम | | निम्न | | जम्मा | उत्तम | | मध्यम | | निम्न | | जम्मा |
| क) स्पष्ट वक्ता | १ | (२०%) | ४ | (८०%) | - | - | ५ | २ | (४०%) | ३ | (६०%) | - | - | ५ |
| ख) मौलिकता | २ | (४०%) | ३ | (६०%) | - | - | ५ | २ | (४०%) | २ | (४०%) | १ | (२०%) | ५ |
| ग) भाषिक शुद्धता | २ | (४०%) | २ | (४०%) | १ | (२०%) | - | २ | (४०%) | ३ | (६०%) | | | ५ |
| घ) आत्मा विश्वास | २ | (४०%) | ३ | (६०%) | - | - | - | २ | (४०%) | २ | (४०%) | १ | (२०%) | ५ |
| ङ) आकर्षक शारीरिक . व्यक्तित्व | ३ | (६०%) | २ | (४०%) | - | - | - | ४ | (८०%) | १ | (२०%) | - | - | ५ |
| २) पाठको प्रारम्भ | | | | | | | | | | | | | | |
| क) पाठको पुनरावलोकन | ३ | (६०%) | २ | (४०%) | | | ५ | २ | (४०%) | २ | (४०%) | १ | (२०%) | ५ |
| ख) विद्यार्थी सहभागिता | २ | (४०%) | ३ | (६०%) | - | - | ५ | २ | (४०%) | ३ | (६०%) | - | - | ५ |
| ग) कक्षा व्यवस्थापन | १ | (२०%) | ४ | (८०%) | - | - | ५ | २ | (४०%) | ३ | (६०%) | - | - | ५ |
| ३) शिक्षण क्रियाकलाप | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) प्रस्तावना | १ | (२०%) | ४ | (८०%) | - | - | - | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| ख) शब्दार्थ सम्बन्धी . कठिनाइको निराकरण | १ | (२०%) | ४ | (८०%) | - | - | - | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| ग) आर्दश पाठ | २ | (४०%) | २ | (४०%) | १ | (२०%) | | २ | (४०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| घ) अनुकरण वाचन | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | | १ | (२०%) | ३ | (६०%) | | | ५ |
| ङ) वोध प्रश्नोत्तर | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| ४) शैक्षिक सामग्री | | | | | | | | | | | | | | |
| क) स्पष्ट देखिने र बुझ्ने | १ | (२०%) | ४ | (८०%) | - | - | - | २ | (४०%) | ३ | (६०%) | | | ५ |
| ख) कालोपाटीको प्रयोग | २ | (४०%) | ३ | (६०%) | | | ५ | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| ग) शब्दपत्ती वाक्यपत्तीको . प्रयोग | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | - | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| ५) पाठको प्रस्तुतीकरण | | | | | | | | | | | | | | |
| क) पाठको क्रमवद्धता | १ | (२०%) | ४ | (८०%) | - | - | - | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| ख) विषयवस्तुको ज्ञान | २ | (४०%) | ३ | (६०%) | - | - | - | २ | (४०%) | ३ | (६०%) | - | - | ५ |
| ग) उदाहरणमा उपयुक्तता | ३ | (६०%) | २ | (४०%) | - | - | - | ४ | (८०%) | - | - | १ | (२०%) | ५ |
| ६) विद्यार्थी क्रियाकलाप | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) अनुशासन | १ | (२०%) | ४ | (८०%) | - | - | - | ४ | (८०%) | १ | (२०%) | - | - | ५ |
| ख) प्रश्नोत्तर | २ | (४०%) | ३ | (६०%) | - | - | - | २ | (४०%) | ३ | (६०%) | - | - | ५ |
| ७) शिक्षण विधिको प्रयोग | | | | | | | | | | | | | | |
| क) गीत तथा अभिनय . . विधि | १ | (२०%) | ४ | (६०%) | २ | (४०%) | - | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| ख) प्रश्नोत्तर विधि | २ | (४०%) | ३ | (६०%) | - | - | - | ३ | (६०%) | २ | (४०%) | - | - | ५ |
| ग) छलफल विधि | २ | (४०%) | ३ | (६०%) | - | - | - | १ | (२०%) | ४ | (८०%) | - | - | ५ |
| घ) व्याख्यान | २ | (४०%) | ३ | (६०%) | - | - | - | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | ५ |
| ङ) तुलनात्मक विधि | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | - | १ | (२०%) | ३ | (६०%) | | | ५ |
| ८) मूल्याङ्कन | | | | | | | | | | | | | | |
| क) लिखित | १ | (२०%) | ४ | (८०%) | - | - | - | २ | (४०%) | ३ | (६०%) | - | - | ५ |
| ख) मौखिक | २ | (४०%) | ३ | (६०%) | - | - | - | २ | (४०%) | २ | (४०%) | १ | (२०%) | ५ |
| ग) गृहकार्य | १ | (२०%) | ३ | (६०%) | १ | (२०%) | - | ३ | (६०%) | २ | (४०%) | - | - | ५ |

प्रत्येक विद्यालयका नेपाली विषय शिक्षकहरूको कक्षा अवलोकन छुट्टाछुट्टै रुपमा छुट्टा छुट्टै अवलोकन फारामद्वारा सम्पन्न गरी सरकारी र निजी तथा आवासीय विद्यालयहरूका शिक्षकहरूका शिक्षण गुणहरूलाई समूहगत रुपमा श्रेणीकरण गरी तालिकीकरण गरिएको माथिको तालिकाका तथ्याङ्कहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ३.३.२.१ सरकारी विद्यालय

सरकारी विद्यालयका ५ जना शिक्षकहरूको व्यक्तित्व शीर्षकका उपशीर्षकहरूलाई हेर्दा (४०%) शिक्षकहरू उत्तम श्रेणीका (५६%) शिक्षकहरू मध्यम श्रेणीका (४%) शिक्षकहरू निम्न श्रेणीका रहेका पाइयो । पाठको प्रारम्भ शीर्षक अर्न्तगतका उपशीर्षकहरूलाई हेर्दा (४०%) शिक्षकहरू उत्तम श्रेणीका र (६०%) शिक्षकहरू मध्यम श्रेणीका पाइयो भने निम्न श्रेणीमा कुनै सङ्ख्या पाइएन । शिक्षण क्रियाकलाप शीर्षक अन्तर्गतका उपशीर्षकहरूलाई हेर्दा २४% शिक्षकहरू उत्तम श्रेणीका, ६४% शिक्षकहरू मध्यम श्रेणीका र १२% शिक्षकहरू निम्न देखिए । त्यसै गरी शैक्षिक सामाग्री शीर्षक अर्न्तगतका उपशीर्षकहरूलाई हेर्दा २६.६६% शिक्षकहरू उत्तम श्रेणीका, ६६.६६% शिक्षकहरू मध्यम श्रेणीका र ६.६८% शिक्षकहरू निम्न श्रेणीका देखिए । पाठको प्रस्तुती शीर्षक अर्न्तगतका उपशीर्षकहरूलाई हेर्दा ४०% शिक्षकहरू उत्तम श्रेणीका, ६०% शिक्षकहरू मध्यम श्रेणीका देखिए भने निम्न श्रेणीमा शिक्षकहरूको संख्या देखिएन । विद्यार्थी क्रियाकलाप शीर्षक अर्न्तगतका उपशीर्षकहरूमा ३०% शिक्षकहरू उत्तम श्रेणीमा र ७०% शिक्षकहरू मध्यम श्रेणीमा देखिए भने निम्न श्रेणीमा कुनै संङ्ख्या आएन । त्यसै गरी शिक्षण विधिहरूको प्रयोग, शीर्षकभित्रका उपशीर्षकहरूलाई अध्ययन गर्दा हरेक विधिहरूलाई उपयोग गर्ने शिक्षकहरूमा ३२ प्रतिशत शिक्षकहरू उत्तम श्रेणीका ५६ प्रतिशत शिक्षकहरू मध्यम श्रेणीका र १२ प्रतिशत शिक्षकहरू निम्न श्रेणीका देखिए । “मूल्याङ्कन” शीर्षक अर्न्तगतका उपशीर्षकहरू हेर्दा २६.६६ प्रतिशत शिक्षकहरू उत्तम श्रेणीका ६६.६६ प्रतिशत शिक्षकहरू मध्यम श्रेणीका र ६.६८ प्रतिशत शिक्षकहरू निम्न श्रेणीका देखिए । समग्रमा सरकारी विद्यालयका ३२.३८ प्रतिशत शिक्षकहरू, उत्तम श्रेणीका, ६२.४२ प्रतिशत शिक्षकहरू मध्यम श्रेणीका र ५.१७ प्रतिशत शिक्षकहरू निम्न श्रेणीका देखिए । यो तथ्याङ्कले मध्यम श्रेणीको संख्या सर्वाधिक उत्तम श्रेणीको संख्या वीचको र निम्न श्रेणीको संख्या सबैभन्दा कम देखियो । निम्न श्रेणीको

संख्या कम हुनुले अनिष्टको संकेत नगरे पनि उत्तम श्रेणीको संख्या ३२.३८ प्रतिशत मात्र देखिनुले सन्तोष मान्ने अवस्था पनि देखिदैन ।

### ३.३.२.२ निजी तथा आवासीय विद्यालय

निजी तथा आवासीय विद्यालयका कक्षा ९ मा नेपाली विषय शिक्षण गर्ने विषय शिक्षकहरूको कक्षा अवलोकन गर्दा अवलोकन फाराममा उल्लिखित शिक्षकहरूको व्यक्तित्व शीर्षकका उपशीर्षकहरूको अवलोकन गर्दा यस शीर्षकमा ४८ प्रतिशत शिक्षकहरू उत्तम श्रेणीका ४४ प्रतिशत शिक्षकहरू मध्यम श्रेणीका र ८ प्रतिशत शिक्षकहरू उत्तम श्रेणीका देखिए भने पाठको प्रारम्भ शीर्षकमा ४० प्रतिशत शिक्षकहरू उत्तम श्रेणीका, ५३.३३ प्रतिशत शिक्षकहरू मध्यम श्रेणीका र ६.६६ प्रतिशत शिक्षकहरू निम्न श्रेणीका पाइए । त्यसै गरी शिक्षण क्रियाकलाप शीर्षकमा २८ प्रतिशत शिक्षकहरू उत्तम श्रेणीका, ६० प्रतिशत शिक्षकहरू मध्यम श्रेणीका र १२ प्रतिशत निम्न श्रेणीका देखिए भने शैक्षिक सामग्री शीर्षकमा २६.६६ प्रतिशत शिक्षकहरू उत्तम श्रेणीमा ६० प्रतिशत शिक्षकहरू मध्यम श्रेणीमा र १३.३३ प्रतिशत शिक्षकहरू निम्न श्रेणीमा देखिए । त्यस्तै पाठको प्रस्तुतीकरण शीर्षकमा ४६.६६ प्रतिशत शिक्षकहरू उत्तम श्रेणीका, ४० प्रतिशत शिक्षकहरू मध्यम श्रेणीका र १३.३३ प्रतिशत शिक्षकहरू निम्न श्रेणीका ठहरिए भने विद्यार्थी क्रियाकलाप शीर्षकमा ६०प्रतिशत शिक्षकहरू उत्तम श्रेणीका ४० प्रतिशत शिक्षकहरू मध्यम श्रेणीका र ० प्रतिशत शिक्षकहरू निम्न श्रेणीका ठहरिए । शिक्षण विधिको प्रयोग शीर्षकमा विभिन्न विधिहरूमा उत्तम श्रेणीमा पर्ने शिक्षकहरू २८ प्रतिशत, मध्यम श्रेणीमा पर्ने शिक्षकहरू ६० प्रतिशत र निम्न श्रेणीमा पर्ने शिक्षकहरू १२ प्रतिशत पाइए भने मूल्याङ्कन शीर्षक अर्न्तगत उत्तम श्रेणीमा ४६.६६ प्रतिशत, मध्यम श्रेणीमा ४६.६६ प्रतिशत र निम्न श्रेणीमा ६.६६ प्रतिशत शिक्षकहरू पाइए ।

समग्र शीर्षकहरूलाई हेर्दा प्रथम श्रेणीमा ४०.५० प्रतिशत शिक्षकहरू, मध्यम श्रेणीमा ५०.५ प्रतिशत शिक्षकहरू र ८.९९ प्रतिशत शिक्षकहरू निम्न श्रेणीका देखिए । ६.६६ प्रतिशत शिक्षकहरू मात्र निम्न श्रेणीको देखिनु शैक्षणिक क्रियाकलापमा सुधार भएको आभास त हो तर उत्तम श्रेणीका शिक्षक भन्दा मध्यम श्रेणीका शिक्षक बढी हुनुले धेरै सुधार भएको भन्न चाँहि सकिएन ।

### ३.३.३ अवलोकन फारामका आधारमा विद्यालयहरूको तुलना

**तालिका नं.३३**

| शिक्षकको व्यक्तित्व | | | पाठको प्रारम्भ | | | शिक्षण क्रियाकलाप | | | शैक्षिक सामग्री | | | पाठको प्रस्तुतिकरण | | | विद्यार्थी क्रियाकलाप | | | शिक्षण विधिको प्रयोग | | | मूल्याङ्कन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| ४०% | ५६% | ४% | ४०% | ६०% | – | २४% | ६४% | १२ % | २६.६६% | ६६.६६% | ६.६८% | ४०% | ६०% | – | ३०% | ७०% | – | ३२% | ५६% | १२ % | २६.६६ % | ६६.६६ % | ५.६८ % |
| ४८% | ४४% | ८% | ४०% | ५३.३३% | ६.६६% | २८% | ६०% | १२ % | २६.६६% | ६०% | १३.३३ % | ४६.६६% | ४०% | १३.३३ % | ६०% | ४०% | – | २८% | ६०% | १२ % | ४६.६६ % | ४६.६६ % | ६.६८ % |

१. सरकारी विद्यालय २. निजी विद्यालय

**समग्रमा :**

## तालिका नं. ३४

| | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|
| १. सरकारी विद्यालय | ३२.३८% | ६२.४२% | ५.१७% |
| २. निजी ता आवासीय विद्यालय | ४०.५०% | ५०.५०% | ८.९९% |

माथिको तालिकालाई अध्ययन गर्दा सरकारी विद्यालयका शिक्षकहरू भन्दा निजी विद्यालयका शिक्षकहरू उत्तम श्रेणी र निम्न श्रेणीमा संख्यात्मक रुपमा केही बढी देखिए भने मध्यम श्रेणीमा सरकारी विद्यालयको प्रतिशत बढी देखियो । समग्रमा हेर्दा दुवै प्रकारका विद्यालयहरूका शिक्षकहरूको स्तरमा सामान्य मात्र अन्तर देखियो ।

## ३.३.३.१ सारांश

कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कहरूलाई सारांशको रुपमा यरी व्यक्त गर्न सकिन्छ–

१. सरकारी तथा निजी दुवै प्रकारका विद्यालयहरूमा सबैभन्दा बढी शिक्षकहरू मध्यम श्रेणीका, त्यसभन्दा कम उत्तम श्रेणीका र सबैभन्दा कम निम्न श्रेणीका देखिए ।

२. उत्तम श्रेणीमा सरकारी विद्यालयका ३२.३८ प्रतिशत शिक्षकहरू छन् भने निजी विद्यालयका ४०.५० प्रतिशत छन् ।

३. मध्यम श्रेणीमा सरकारी विद्यालयका ६२.४२ प्रतिशत शिक्षकहरू छन् भने निजी विद्यालयका ५०.५० प्रतिशत शिक्षकहरू छन् ।

४. निम्न श्रेणीमा सरकारी विद्यालयका ५.१७ प्रतिशत शिक्षकहरू छन् भने निजी विद्यालयका ८.९९ प्रतिशत शिक्षकहरू पर्दछन् ।

५. कुनै एउटा शिक्षक हरेक शीर्षक तथा उपशीर्षकहरूमा एउटै श्रेणीमा पर्दैन ।

६. निम्न श्रेणीमा पर्ने शिक्षकहरूको श्रेणीमा सुधार गर्ने हो भने शैक्षिक गुणस्तरमा सुधार आउँछ ।

### ३.३.४. विद्यार्थी प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण

यस शोध अध्ययनका लागि छनौटमा परेका सरकारी ५ वटा र निजी तथा आवासीय ५ वटा विद्यालयमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई प्रत्येक विद्यालयबाट एक जनाका दरले नमूना विद्यार्थी छनौट गरी ती विद्यार्थीहरूलाई विद्यार्थी प्रश्नावली फाराम भराइयो । यादृच्छिक नमूना छनौट विधिद्वारा छनौट गरिएका ती विद्यार्थीहरूलाई अध्येताको समुपस्थितीमा वहुवैकल्पिक प्रश्न १० वटा भएको विद्यार्थी प्रश्नावली फाराम भराई तथ्याङ्क संकलन कार्य सम्पन्न  गरियो । शिक्षक प्रश्नावली फारा मभर्ने शिक्षकहरूबाट सैद्धान्तिक पक्षलाई महत्व दिई फाराम भरी आफ्ना व्यवहारिक कमजोरीहरूलाई लुकाउन सक्ने सम्भावना तथा एक दिनको कक्षा अवलोकन कार्यबाट सबै पक्षको सही मूल्याङ्कन हुन नसक्ने सम्भावनालाई सच्याउने अभिप्रायले शिक्षण कार्य स्थलमा प्रत्यक्ष उपस्थित भएका र सदैव शिक्षण सिकाइ क्रियाकलापमा सहभागी भएका विद्यार्थीहरूबाट सही जवाफ आउन सक्ने महशुस गरी उक्त विद्यार्थी प्रश्नावली फाराम भराइएको हो । आफूले भरेका फाराम आफ्ना विषय शिक्षकलाई नदेखाइदिने विश्वास दिलाई भराइएको उक्त फारामबाट धेरै हदसम्म यथार्थ भेटिएको महशुस गरिएको छ ।  यसरी संकलन गरिएका तथ्याङ्कहरूलाई तालिकीकरण गरी तिनीहरूको व्याख्या विश्लेषण गरिएको छ ।

कक्षा ९ मा अध्ययनरत सरकारी र निजी तथा आवासीय विद्यालयका विद्यार्थीहरूलाई भराइएको विद्यार्थी प्रश्नावली फाराममा राखिएको कक्षा ९ को नेपाली पुस्तकमा समावेश गरिएका विधाहरू मध्ये कुन विधा मन पर्छ ? भन्ने प्रश्नमा ६ जनाले कथा मन पर्छ र ४ जनाले कविता विधा मन पर्ने बताए भने जीवनी विधा मन पर्ने विद्यार्थीहरूको संख्या शुन्य देखियो । त्यसै गरी के कविता शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरिन्छ ? भन्ने प्रश्नमा ५ जना शिक्षकले गर्नुहुन्छ भन्ने ३ जना शिक्षकले शिक्षणले कहिले काही गर्नुहुन्छ भन्ने र २ जना शिक्षकले गर्नुहुन्न भन्ने तथ्याङ्क पाइयो । के कविता अध्यापन गर्दा लयवद्ध सस्वरवाचन गराइन्छ? भन्ने अर्को प्रश्नमा संधै गराउने शिक्षकहरूको संख्या ७ जना कहिले काँही गराउने शिक्षकहरूको संख्या २ जना र कहिल्यै नगर्ने शिक्षकहरूको संख्या १ जना देखियो । यसरी नै लयवद्ध

कवितावाचन गराउँदा कसरी गराइन्छ ? भन्ने अर्को प्रश्नमा समूहगत रुपमा गराउने शिक्षकहरूको संख्या ५, दुवै रुपमा गराउने शिक्षकहरूको संख्या ५ जना पाइयो भने एकलरुपमा मात्र गराउने शिक्षकहरूको संख्या शुन्य पाइयो । त्यस्तै अर्को के कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गराइन्छ? भन्ने प्रश्नमा गराउने शिक्षकहरू ७ जना र कहिलेकाँही गराउने शिक्षकहरूको संख्या ३ जना र शब्दार्थ शिक्षण नै नगर्ने शिक्षकहरू नरहेको पाइयो । शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गराइन्छ भन्ने प्रश्नमा गराउने शिक्षकहरूको संख्या २ जना कहिकाँही गराउने शिक्षकहरूको संख्या ३ जना र नगराउने शिक्षकहरूो संख्या ५ जना देखियो । कविता शिक्षण गर्दा कुन कुन विधिको प्रयोग गरिन्छ? भन्ने अर्को प्रश्नबाट व्याख्यान विधिको प्रयोक्ता शिक्षकहरू ५ जना, छलफल विधिका प्रयोक्ता २ जना र प्रश्नोत्तर विधिका प्रयोक्ता ३ जना रहेको भेटियो । त्यसै गरी विद्यार्थीलाई तिमीलाई कुन विधि मनपर्छ? भन्ने प्रश्नमा प्रश्नोत्तर विधि मन पराउने विद्यार्थी ४ जना, छलफल विधि मन पराउने विद्यार्थी ४ जना र व्याख्या विधि मन पराउने संख्या २ जना पाइयो । कविता शिक्षणको अन्त्यमा सारांश लेखन गराउनु हुन्छ? भन्ने अर्को प्रश्नको उत्तरमा गराउने शिक्षक २ जना, कहिलेकाँही गराउने शिक्षक ३ जना र नगराउने शिक्षक संख्या ५ जना पाइयो । विद्यार्थी प्रश्नावली फारामको कविता शिक्षणको क्रममा नयाँ कविता सिर्जना गर्न लगाउनुहुन्छ ? भन्ने प्रश्नबाट “लगाउने” शिक्षक संख्या २ जना कहिलेकाँही लगाउने शिक्षक संख्या ४ जना र नलगाउने शिक्षक ४ जना पाइयो ।

विद्यार्थी प्रश्नावली फारामको अन्तिम प्रश्नको रुपमा रहेको कक्षा कार्यको अन्त्यमा विद्यार्थी मूल्याङ्कन गर्दा कसरी गराउनु हुन्छ ? भन्ने प्रश्नमा मौखिक रुपमा गराउने शिक्षकहरूको संख्या ७ जना, लिखित रुपमा गराउने शिक्षकहरूको संख्या ३ जना र दुवै विधि प्रयोग गर्नै शिक्षकहरूको संख्या शुन्य पाइयो ।

## ३.३.४.१ विद्यार्थी प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क

माथिको तथ्याङ्कलाई तल यसरी तालिकीकरण गरिएको छ :

**तालिका नं.३५**

| क्र.स. | प्रश्नहरू | विकल्प उत्तरहरू | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कविता | | जीवनी | | कथा | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | विद्यार्थीलाई मन पर्ने विधा | ४ | ४०% | – | – | ६ | ४० |
| | | गर्ने | | कहिलेकाही गर्ने | | नगर्ने | |
| २ | शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षक | ५ | ५०% | ३ | ३०% | २ | २०% |
| | | गराउने | | कहिलेकाँही गराउने | | नगराउने | |
| ३ | कविता शिक्षणमा लयवद्ध सस्वरवाचन गराउने शिक्षक | ७ | ७०% | २ | २०% | १ | १० % |
| | | एकल रुपमा | | समूहगत रुपमा | | दुवै रुपमा | |
| ४ | लयवद्ध कवितावचानको स्वरुप | – | – | ५ | ५०% | ५ | ५०% |
| | | गराउने | | कहिलेकाँही गराउने | | नगराउने | |
| ५ | कविता शिक्षणमा शब्दार्थ गराउने शिक्षक | ७ | ७०% | ३ | ३०% | – | – |
| | | गराउने | | कहिलेकाँही गराउने | | नगराउने | |
| ६ | शब्दार्थ शिक्षणमा वाक्यमा प्रयोग गराउने | २ | २०% | ३ | ३०% | ५ | ५०% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षक | | | | | | |
| | | व्याख्यान | | छलफल | | प्रश्नोत्तर | |
| ७ | कविता शिक्षणमा प्रयोग हुने विधिहरू (शिक्षकद्वारा) | ५ | ५०% | २ | २०% | ३ | ३०% |
| | | व्याख्यान | | छलफल | | प्रश्नोत्तर | |
| ८ | मनपर्ने शिक्षण विधि (विद्यार्थीहरूलाई) | २ | २०% | ४ | ४०% | ४ | ४०% |
| | | गराउने | | कहिलकाँही गराउने | | नगराउने | |
| ९ | सारांश लेखन अभ्यास गराउने शिक्षक | २ | २०% | ३ | ३०% | ५ | ५०% |
| | | गराउने | | कहिलकाँही गराउने | | नगराउने | |
| १० | नयाँ कविता रचना अभ्यास गराउने शिक्षक | २ | २०% | ४ | ४०% | ४ | ४०% |
| | | लिखित | | मौखिक | | दुवै | |
| ११ | मूल्याङ्कन सामग्रीको प्रयोग गर्ने शिक्षक | १ | १० % | ७ | ७०% | २ | २०% |

### ३.३.५. विद्यार्थी प्रश्नावली फाराम र शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरूको तुलना

शिक्षकहरूलाई भराइएका शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरू शैद्धान्तिक रुपमा सही हुन सक्ने हुँदा त्यसलाई कसी लगाउने अभिप्रायले भराइएका विद्यार्थी प्रश्नावली फारामवाट

प्राप्त तथ्याङ्कहरूलाई तुलना गर्दा कतिपय शीर्षकहरूमा साँच्चै नै ठूला उन्तरहरू देखिए भने कतिपयमा समानता पाइयो । ती समानता र असमानताहरू देहायबमोजिम रहेका छन्ः

कक्षा ९ मा कविता शिक्षण गर्दा शैक्षिक सामग्रीहरूको प्रयाग गर्नुहुन्छ भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फाराममा "संधै गर्छु" भन्ने शिक्षकहरूको संख्या ७ जना(७०%) कहिलेकाही गर्नेहरूको संख्या ३ जना (३०%) र नगर्नेहरूको संख्या ० जना (कोही पनि नभएको) देखिएको थियो तर विद्यार्थी प्रश्नावली फारामबाट क्रमशः ५ जना, ३ जना र २ जना शिक्षकहरू रहेको देखियो । यो तथ्याङकहरूको तुलनात्मक अध्ययनबाट के कुरा प्रष्ट भयो भने तालिम प्राप्त शिक्षकहरूले प्रश्नावली फाराम भर्दा सैद्धान्तिक मान्यतालाई आधारमानी तथ्याङ्क भरेको हो ।

विद्यार्थीहरूलाई लयवद्ध सस्वरवाचन गराउनुहुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फाराममा गराउने शिक्षकहरूको संख्या १० जना(१००%) रहेको देखियो । तर यही प्रश्नमा विद्यार्थीहरूले भरेको प्रश्नावलीमा गराउने शिक्षकहरू ७ जना(७०%) कहिलेकाँही गराउने २ जना (२०%)र नगराउने शिक्षकहरूको संख्या १ जना (१०%) देखियो ।

कविता शिक्षणका क्रममा सस्वरवाचन गराउँदा कसरी गराउनुहुन्छ भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फाराममा एकलरुपमा गराउँने शिक्षक संख्या ३ जना, समूहगत रुपमा लगाउने ७ जना यही प्रश्नमा विद्यार्थी प्रश्नावली फारामको तथ्याङ्क एकल रुपमा गराउने शिक्षक संख्या देखिएन भने समूहगत रुपमा गराउने ५ जना(५०%) र दुवै प्रकारमा गराउने शिक्षक संख्या ५जन (५०%) देखियो ।

शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गराउनुहुन्छ ? भन्ने अर्को प्रश्नमा शिक्षक प्रश्नावली फाराममा "गराउने शिक्षक" ९ जना र नगराउने शिक्षक संख्या १ जना देखियो तर यही प्रश्नमा विद्यार्थी प्रश्नावली फाराममा "गराउने" शिक्षक संख्या २ जना, कहिलेकाँही गराउने शिक्षक संख्या ३ जना र नगराउने शिक्षक संख्या ५ जना देखियो ।

त्यसै गरी कविता शिक्षण गर्दा प्रयोग गरिने विधिहरूको सन्दर्भमा व्याख्याम, छलफल र प्रश्नोत्तर विधिहरूको प्रयोगका शिक्षक संख्या क्रमशः १०, ५ र ३ जना देखियो तर सोही प्रश्नमा विद्यार्थी प्रश्नावली फाराममा उक्त संख्या ५, २ र ३ जना देखियो ।

कविता शिक्षणको क्रममा सारांश लेखन अभ्यास गराउनु हुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फारामबाट "गराउछु" भन्ने शिक्षक संख्या ७ जना, कहिलेकाँही गराउछु भन्ने ० जना र गराउन्न भन्ने संख्या ३ जना भेटियो । तर यही प्रश्नमा विद्यार्थी प्रश्नावली फाराममा "गराउने" संख्यामा २ जना, "कहिलेकाँही गराउने" ३ जना र नगराउने संख्या ५ जना देखियो ।

त्यसै गरी कक्षा शिक्षणको अन्त्यमा विद्यार्थी मूल्याङकन गर्दा कसरी गराउनुहुन्छ भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फारामबाट लिखित रुपको प्रयोग गर्ने शिक्षक संख्या शुन्य पाइयो भने मौखिक रुपको प्रयोग गर्ने ५ जना र दुवै रुपको प्रयोक्ता ५ जना पाइयो । तर यही प्रश्नमा विद्यार्थी प्रश्नावली फारामवाट लिखित गराउने शिक्षक संख्या १ जना मौखिक गराउने शिक्षक ७ जना र दुवै रुपमा प्रयोग गर्ने शिक्षक संख्या २ जना देखियो ।

यसरी यी दुईवटा फारामहरूमा समान प्रश्नमा लिइएको तथ्याङ्कहरू मध्ये अधिकांशमा भिन्नता पाइयो । यी भिन्नताका कारणका विषयमा गौण गरी अध्ययन गर्दा यस शोधअध्ययनका लागि नमूना जनसंख्या छनौटमा परेका अधिकांश(९०%) शिक्षकहरू तालिम प्राप्त(शिक्षा विषयमा स्नातक वा स्नातकोत्तर) भएका कारण कविता शिक्षणका लागि सैद्धान्तिक मान्यतालाई आधार मानी फाराम भरिएको पाइयो तर विद्यार्थी प्रश्नावली फाराम विद्यार्थीहरूले भर्दा शिक्षकहरूका वास्तविक व्यवहार देखिने हुँदा तथ्याङ्कमा भिन्नता देखिएको ठहर भयो ।

### ३.३.६. सारांश

विद्यार्थी प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरूको अध्ययन गरी निकालिएको सार यस प्रकार रहेका छन् :

१. कथा, कविता र जीवनी विधामा कथालाई धेरै विद्यार्थीहरूले मन पराउछन्, कविता केही विद्यार्थीहरूले मन पराउछन् भने जीवनी अधिकांशलाई गाह्रो लाग्छ ।

२. शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने शिक्षकहरू बढी रहेको पाइयो ।

३. कविता शिक्षणको क्रममा लयवद्ध स्स्वर वाचनलाई बढी महत्वदिई एकल तथा समूहगत वाचन गराउने गरेको पाइयो ।

४. कविता शिक्षणको क्रममा शब्दार्थ गराउदा वाक्यमा प्रयोग कम गराएको पाइयो ।

५. विद्यार्थीहरूले छलफल तथा प्रश्नोत्तर विधिलाई बढी मन पराएको तर शिक्षकहरूले चाँहि व्याख्यान विधिलाई बढी महत्व दिएको पाइयो ।

६. कविता शिक्षणको क्रममा सारांश लेखन तथा कविता सिर्जना अभ्यासलाई कम महत्व दिइएको देखियो ।

७. विद्यार्थी मूल्याङ्कनमा मौखिक विधिलाई सर्वाधिक महत्व दिएको पाइयो ।

# अध्याय : चार

## निष्कर्ष तथा सुझावहरू

### ४.१ निष्कर्ष

प्रस्तुत शोधअध्ययनको क्रममा सङ्कलित तथ्याङ्कहरूको अध्ययन विश्लेषणबाट प्राप्त मुख्य उपलब्धिहरूलाई निष्कर्षको रुपमा बुँदागत किसिमले यसरी प्रस्तुत गरिएको छ :

क) कविता शिक्षण गर्ने धेरै प्रकारका विधिहरू उपयोगी सावित भएका छन् ।

ख) कविता शिक्षण गर्न अन्तरक्रियात्मक विधि तथा विद्यार्थी केन्द्रित विधिहरू बढी फलदायी हुन्छन् ।

ग) कुनै पनि कविता शिक्षण गर्न कुनै एउटा मात्र विधि पूर्ण हुन सक्दैन ।

घ) कुनै पनि शिक्षण विधिलाई शैक्षिक सामग्रीले सफल विधि तुल्याई उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउँछ ।

ङ) कविता शिक्षणको उद्देश्य भाषिक सीप विकास गराउनेभन्दा साहित्यिक रसास्वादन गराउनेमा केन्द्रित देखियो ।

च) कविता शिक्षणको क्रममा शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गराउने प्रचलन कम छ ।

छ) शिक्षक प्रश्नावली फाराम र विद्यार्थी प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरू समान प्रश्नमा पनि फरक पाइयो ।

ज) विद्यार्थी प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कहरू बढी सत्यको नजिक रहेको देखियो ।

झ) भाषिक सीपहरू मध्ये पढाइ र लेखाइलाई बढी महत्व दिइएको पाइयो ।

ञ) अधिकांश शिक्षकहरू (९०%) तालिम प्राप्त रहेको पाइयो ।

ट) तालिम प्राप्त शिक्षकहरूले सैद्धान्तिक पक्षमा जोड दिएको तर व्यवहारिक पक्षमा केही कमजोरी रहेको पाइयो ।

ठ) तालिम अप्राप्त शिक्षकहरूको तुलनामा तालिम प्राप्त शिक्षकहरूको कक्षा बढी प्रभावकारी रहेको पाइयो ।

ड) विषय शिक्षकले भरेका प्रश्नावली फारामका जवाफ र शोधकर्ताले गरेको अवलोकनमा केही भिन्नताहरू पाइयो ।

ढ) कक्षा शिक्षणको अन्त्यमा गरिने विद्यार्थी मूल्याङ्कनमा मौखिक क्रियाकलापलाई बढी जोड दिएको पाइयो ।

ण) शैक्षिक सामग्री केन्द्रीय वा आधारभूत सामग्री र पूरक वा सहायक सामग्री गरी २ प्रकारका हुन्छन् ।

त) केन्द्रीय सामग्रीको रुपमा रहेको पाठ्यपुस्तक भाषिक सीप विकास गराउने महत्वपूर्ण सामग्री हो ।

थ) कविता शिक्षण गर्दा लयवद्ध सस्वरवाचन, शब्दार्थ, भावार्थ, प्रश्नोत्तर तथा नयाँ कविता सिर्जन गर्ने अभ्यास गराउनुपर्छ ।

द) शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गराउने अभ्यास सबैभन्दा प्रभावकारी हुन्छ ।

ध) निजी तथा आवासीय र सरकारी विद्यालयका शिक्षकहरूको शिक्षण विधि तथा व्यक्तित्वमा सामान्य अन्तर पाइयो ।

न) तालिमले शिक्षकहरूको पेशालाई मर्यादित तथा सफल बनाउँछ ।

प) नियमित विद्यार्थी मूल्याङ्कनले शिक्षकलाई शिक्षण कार्यमा सुधार गर्न र विद्यार्थीहरूलाई आफ्ना कमजोरी पत्ता लगाउन सहयोग पुर्‍याउँछ ।

## ४.२. सुझावहरू

१. कविता शिक्षण गर्दा तहगत उद्देश्यहरू पुरा गर्ने गरी गर्नुपर्छ ।

२. कविताको शिक्षण गर्दा शब्दार्थ सम्बन्धि कठिनाइको निवारण, आदर्शपाठ, अनुकरणवाचन, वोध प्रश्नोत्तर, भावार्थ सम्बन्धी अभ्यास, मूल्याङ्कन जस्ता कुराहरूको विशेष ध्यान दिएर शिक्षण गर्ने कुरामा शिक्षकहरूलाई तालिम दिनपर्छ ।

३. भाषा शिक्षण गर्ने उपयुक्त शिक्षण विधिहरूको प्रयोग गरी शिक्षण गर्नुपर्छ ।

४. तालिम प्राप्त व्यक्तिहरूलाई मात्र शिक्षण पेशामा संलग्न गराउनु पर्दछ ।

५. शिक्षकहरूलाई सामयिक रुपमा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्छ ।

६. शब्दार्थ गराउने विविध क्रियाकलापहरू मध्ये वाक्यमा प्रयोग गर्ने गराउने क्रियाकलापलाई विशेष उपयोग गर्नुपर्दछ ।

७. कविता शिक्षण गर्न आवश्यक शैक्षिक सामग्रीहरूको प्रयोग गरेर मात्र शिक्षण

गर्नुपर्दछ ।

८. शैक्षिक सामग्री निर्माण सप्ताह निर्धारण गरी सामग्री निर्माण गरी प्रयोग गर्नुपर्दछ ।

९. विद्यार्थीहरूमा कविता रचना क्षमताको विकास गर्न समय समयमा कविता प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्छ ।

१०. कविता शिक्षण गर्दा दैनिक पाठयोजना निर्माण गरी सोही अनुसार शिक्षण गर्ने गर्नुपर्दछ ।

११. कविता शिक्षण गर्दा भाषिक सीप विकासलाई पनि प्राथमिकता दिई शिक्षण गर्नुपर्छ ।

१२. तालिम अप्राप्त शिक्षकहरूलाई तालिमको व्यवस्था गरी तालिम प्राप्त तुल्याउनु पर्छ ।

१३. विद्यालय निरीक्षकहरूद्वारा विद्यालय तथा कक्षा निरीक्षण गरी आवश्यक सल्लाह प्रदान गर्नुपर्दछ ।

१४. दण्ड र पुरस्कारको नीति अनुरुप राम्रो काम(शिक्षण) गर्ने शिक्षकलाई पुरस्कार र नराम्रो काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था सम्बन्धित निकायहरूले गर्नुपर्दछ ।

१५. शिक्षक निर्देशिका, पाठ्यक्रम दिग्दर्शन, सन्दर्भग्रन्थ आदि उपयोगी सामग्रीहरू विषय शिक्षकहरूलाई उपलब्ध गराई प्रयोग गर्ने वातावरण विद्यालयले निर्माण गर्नुपर्दछ ।

१६. कविता शिक्षण गर्दा विद्यार्थी केन्द्रित र अन्तरक्रियात्मक विधिलाई बढी प्रयोग गर्नुपर्छ ।

१७. विद्यार्थी मूल्याङ्कन गर्दा लिखित तथा मौखिक दुवै साधनको प्रयोग गरी नियमित रुपमा गर्नुपर्दछ ।

१८. मूल्याङ्कनबाट प्राप्त सूचनाहरूलाई तुरुन्त उपयोगमा ल्याउनु पर्दछ ।

## भावी अनुसन्धानका लागि थप शीर्षकहरू

प्रस्तुत अनुसन्धान कक्षा ९ मा नेपाली कविता शिक्षण विधिमा केन्द्रित रहेको छ ।

यस अनुसन्धानसँग सम्बन्धित क्षेत्रमा गर्न सकिने भावी अनुसन्धानका सम्भाब्य शीर्षकहरू निम्न लिखित रुपमा प्रस्तुत गरिएको छ ।

१) कक्षा ८ मा कविता शिक्षण गर्न प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन ।

२) कक्षा ९ मा व्याकरण शिक्षण गर्न प्रयोग हुने शिक्षण विधिहरूको अध्ययन ।

३) कक्षा ९ मा रुपक विधा शिक्षण गर्न प्रयोग हुने शिक्षण विधिहरूको अध्ययन ।

४) कक्षा ९ मा प्रबन्ध विधा शिक्षण गर्न प्रयोग हुने शिक्षण विधिहरूको अध्ययन ।

५) कक्षा ९ मा समाविष्ट कविताहरूको विश्लेषणात्मक अध्ययन ।

६) मा.वि तहमा नेपाली विषयको भूमिका ।

७) कक्षा १० मा कविता शिक्षण गर्न प्रयोग हुने शिक्षण क्रियाकलापहरूको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


## क) सन्दर्भ पुस्तकहरू

अधिकारी, हेमाङ्गराज (पाचौं संस्करण २०६३), ***भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,*** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५६), ***प्रारम्भिक नेपाली शिक्षण,*** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६१), ***भाषिक अनुसन्धान विधि,*** काठमाण्डौं : दीक्षान्त पुस्तक भण्डार, कीर्तिपुर ।

ढुङ्गेल, भोजरराज र दुर्गाप्रसाद दहाल (२०६३), ***नेपाली भाषा शिक्षण पद्धति ,*** काठमाण्डौ : एम.के पब्लिसर्स एण्ड डिस्टिव्युटर्स ।

ढकाल, शान्तिप्रसाद (२०६७), ***नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,*** काठमाण्डौ : शुभकामना प्रकाशन ।

दाहाल, नारायण प्रसाद (२०६५), ***शैक्षणिक मूल्याङकन,*** काठमाण्डौं : निमा प्रकाशन ।

पौडेल ,नेत्रप्रसाद (२०६७), ***नेपाली भाषा शिक्षण,*** काठमाण्डौ : पैरवी प्रकाशन

वन्धु, खेम कोइराला (२०६५), ***अनुसन्धान विधि,*** काठमाण्डौं : दीक्षान्त प्रकाशन ।

## ख) शोधपत्रहरू

अधिकारी, काशीराज (२०६४), ***कक्षा ३ मा कविता शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधिहरूको अध्ययन,*** स्नातकोत्तर शिक्षाशास्त्र शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

गौतम, गेहनाथ(२०५७), ***मेरो नेपाली किताब कक्षा ५ र सजिलो नेपाली माला कक्षा ५को तुलनात्मक अध्ययन,*** एम.एड.शोधपत्र, ताहचल ।

ढकाल, लक्ष्मीप्रसाद (२०५५), ***कक्षा ५ मा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,*** एम.एड्. शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

पाण्डे, नारायणप्रसाद (२०५९), *कक्षा ५ को मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कविताहरूको विश्लेषणात्मक अध्ययन,* एम.एड्., त्रि.वि. कीर्तिपुर ।

बुढाथोकी, गोपाल(२०६२), *कक्षा ७ मा कविता शिक्षणका लागि प्रयोग गरिएको शिक्षण विधिहरूरको अध्ययन,* एम.एड्., त्रि.वि. कीर्तिपुर ।

# परिशिष्ट-क

## शिक्षक प्रश्नावली फाराम

शिक्षकको नाम: मिति:
विद्यालयको नाम: तालिम:
प्राप्त/अप्राप्त :

१) कविता शिक्षण गर्दा पाठ योजना बनाउनु हुन्छ?
क) बनाउछु ख) बनाउन्न
२) कविता शिक्षण कुन उद्देश्यका लागि बढी आवश्यक ठान्नु हुन्छ?
क) भाषिक सीप ख) साहित्यिक रसास्वादन
३) कविता विधा कुन भाषिक सीप विकासका लागि बढी महत्वपूर्ण मान्नुहुन्छ ?
क) सुनाइ, बोलाइ ख) पढाइ, लेखाइ
४) कविता शिक्षण गर्दा शब्दार्थ दिदा वाक्यमा प्रयोग समेत गर्न लगाउनु हुनछ कि हुन्न?
क) हुन्छ ख) हुन्न
५) विद्यार्थीलाई लयवाचन गराउदा कुन क्रियाकलाप पहिले गराउनुहुन्छ?
क) एकल वाचन ख) समूहगत वाचन
६) विद्यार्थीलाई गति, यति मिलाई लयबद्धवाचन गर्न लगाउनुहुन्छ?
क) लगाउछु ख) लगाउन्न
७) कविता शिक्षण गर्दा व्याख्यान विधिको उपयोग गर्नुहुन्छ कि गर्नहुन्न?
क) गर्छु ख) गर्दिन
८) कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनु हुन्छ ?
क) गराउछु ख) गराउन्न
९) कविता शिक्षण गर्दा गीत तथा अभिनय विधि प्रयोग गर्नु हुन्छ?
क)गर्छु ख) गर्दिन
१०) विद्यार्थीलाई कविताको सारांश लेखन गरानुहुन्छ?
क) गराउछु ख) गराउन्न
११) कविता शिक्षणका क्रममा कुन विधि प्रयोग गर्नुहुन्छ?
क) शिक्षक केन्द्रित ख) विद्यार्थी केन्द्रित ग) अन्तरक्रियात्मक
१२) कविता शिक्षण गर्दा पाठ्यक्रमा दिग्दर्शन, शिक्षक निर्देशिका जस्ता सहयोगी सामग्रीको प्रयोग गर्नुहुन्छ?
क) सधैं गर्छु ख) कहिलेकाहीँ गर्छु ग) कहिले पनि गर्दिनँ
१३) कक्षा कार्यकलाप पश्चात नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ कि हुन्न?
क) गर्छु ख) गर्दिनँ
१४) दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप बढी अपनाउनु हुन्छ ?
क) लिखित ख) मौखिक ग) दुबै
१५) कविता शिक्षणमा कुन-कुन विधिको बढी प्रयोग गर्नुहुन्छ?

..................................................................................................................

..................................................................................................................

.........................................................................................

---

## परिशिष्ट-ख

विद्यार्थी प्रश्नावली फाराम

विद्यार्थीको नामः- मितिः-

कक्षाः-

रोल नं.ः-

**कुनै एउटा सवोत्तम जवाफमा (✓) चिन्ह लगाऊः-**

१) तिमीलाई कक्षा ९ मा नेपाली पाठ्यपुस्तकमा समावेश भएका विभिन्न विधाहरू मध्ये कुन विधा मन पर्छ ? ६

क) जीवनी ख) कविता ग) कथा

२) के कविता अध्यापन गर्दा नेपाली विषय शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गर्नहुन्छ ?

क) गर्नुहुन्छ ख) कहिलेकाहीँ गर्नुहुन्छ? ग) गर्नुहुन्न

३) के कविता अध्यापन गर्दा लयवद्ध सस्वरवाचन गराइन्छ ?

क) गराइन्छ ख) कहिलेकाहीँ गराइन्छ ग) गराइदैन

४) के कविता शिक्षण गर्दा शब्दार्थ गराइन्छ ?

क) गराइन्छ ख) कहिलेकही गराइन्छ ग) गराइदैन

५) लयवद्धकविता वाचन गराउँदा कसरी गराइन्छ?

क) एकल रुपमा ख) समूहगत रुपमा ग) दुवै प्रकारमा

६) शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गराइन्छ?

क) गराइन्छ ख) कहिलेकाहीँ गराइन्छ ग) गराइदैन

७) कविता शिक्षण गर्दा शिक्षकले कुन विधिको प्रयोग गर्नुहुन्छ ?

क) व्याख्यान विधि ख) छलफल विधि ग) प्रश्नोत्तर विधि

८) तिमीलाई कुन विधि मन पर्छ ?

क) व्याख्यान ख) छलफल ग) प्रश्नोत्तर

९) कविता शिक्षणको अन्त्यमा सारांश लेखन गराउनुहुन्छ ?

क) गराउनुहुन्छ ख) कहिलेकाहीँ गराउनुहुन्छ ग) गराउनुहुन्न

१०) कविता शिक्षणको क्रममा नयाँ कविता सिर्जना गर्न लगाउनुहुन्छ ?

क) लगाउनुहुन्छ ख) कहिलेकाहीँ लगाउनुहुन्छ ग) लगाउनुहुन्न

११) कक्षाकार्यको अन्त्यमा विद्यार्थीहरूको मूल्याङ्कन गर्दा कसरी गराउनुहुन्छ?

क) लिखित ख) मौखिक ग) दुवै

## परिशिष्ट-घ

## छनौटमा परेका विद्यालयहरू

### क) सरकारी विद्यालयहरू

१) श्री शान्ति निकेतन उ. मा. वि

२) श्री कृष्णाश्रम उ.मा.वि

३) श्री समालवुङ्ग मा.वि

४) श्री फिक्कल उ.मा.वि

५) श्री करफोक विद्या मन्दिर उ.मा.वि

### ख) निजी विद्यालयहरू

१) टि गार्डेन इङ्लिस वोर्डिङग स्कूल

२) सनराइज इङ्लिस वोर्डिङग स्कूल

३) श्री अन्तु एकेडेमी वोर्डिङग स्कूल

४) पञ्चकन्या आवासीय विद्यामन्दिर

५) एभरल्याण्ड इन्टरनेशनल एकेडेमी स्कूल

## शोधसार

**शोध शीर्षक- कक्षा ९ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन**

**शोधार्थी** - कपिलमुनि गर्तौला

**शोध निर्देशक**- प्रेमप्रसाद भट्टराई

**विभाग/क्यामपस-** नेपाली भाषा शिक्षण विभाग सुकुना बहुमुखी क्यामपस, इन्द्रपुर, मोरङ्ग

**शैक्षिक वर्ष-** २०६५/०६७

### शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम. एड. नेपा. शि.५९८को पाठ्यांश प्रयोजनको लागि तयार पारिएको हो । इलाम जिल्ला भित्रका ५ वटा सरकारी र ५ वटा निजी तथा आवासीय विद्यालय गरी १० वटा विद्यालयका १० जना शिक्षकहरूले कक्षा ९ मा कविता शिक्षण गर्न अवलम्वन गरेका शिक्षण विधिहरूको अध्ययन अवलोकन गरी कविता शिक्षण गर्ने सैद्धान्तिक मान्यताका आधारमा कविता शिक्षण गर्ने उपयुक्त विधि, आवश्यक शैक्षिक सामग्री आदिको विश्लेषण गरी सरकारी र निजी तथा आवासीय विद्यालयका शिक्षकहरू तथा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कविता शिक्षण गर्ने पद्दतिमा देखिएका समानता र विविधताको चर्चाका साथै उपयुक्त सुझाव पेश गर्न प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

क्षेत्रीय तथा पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गरी तयार पारिएको यस शोध कार्यका लागि तथ्याङ्क सङ्कलनार्थ शिक्षक प्रश्नावली फाराम, कक्षा अवलोकन फाराम तथा विद्यार्थी प्रश्नावली फाराम भराई सोबाट प्राप्त सूचानहरूलाई शिक्षण विधिका सैद्धान्तिक मान्यताको

| **विषय शीर्षक** | **श्रेणी** |
|---|---|

कसीले जाँची निर्ष्कसमा पुगिएको छ ।

चार अध्यायमा सङ्गठित यस शोधपत्रका पहिलो अध्यायमा शोधपरिचय, दोस्रो अध्यायमा कविता शिक्षण गर्ने विधिहरू र शैक्षिक सामग्रीहरूको परिचय, तेस्रो अध्यायमा सरकारी र निजी विद्यालयका शिक्षकहरूको शिक्षण विधिहरूमा भएका समानता र भिन्नताहरूको तालिकामा प्रदर्शन सहित विश्लेषन गरिएका छ भने चौथो अध्यायमा शोधको निष्कर्ष र सुझाव रहेका छन् ।

| १) शिक्षकको व्यक्तित्व | उत्तम | मध्यम | निम्न | जम्मा |
| --- | --- | --- | --- | --- |
| क) स्पष्ट वक्ता | | | | |
| ख) मौलिकता | | | | |
| ग) भाषिक शुद्धता | | | | |
| घ) आत्म विश्वास | | | | |
| ङ) आकर्षक शारीरिक व्यक्तित्व | | | | |
| २) पाठको प्रारम्भ | | | | |
| क) पाठको पुनरावलोकन | | | | |
| ख) विद्यार्थी सहभागिता | | | | |
| ग) कक्षा व्यवस्थापन | | | | |
| ३) शिक्षण क्रियाकलाप | | | | |
| क) प्रस्तावना | | | | |
| ख) शब्दार्थ सम्बनधी कठिनाइको निराकरण | | | | |
| ग) आर्दश पाठ | | | | |
| घ) अनुकरण वाचन | | | | |
| ङ) वोध प्रश्नोत्तर | | | | |
| ४) शैक्षिक सामग्री | | | | |
| क) स्पष्ट देखिने र बुझ्ने | | | | |
| ख) कालोपाटीको प्रयोग | | | | |
| ग) शब्दपत्ती वाक्यपत्तीको प्रयोग | | | | |
| ५) पाठको प्रस्तुतीकिरण | | | | |
| क) पाठको क्रमवद्धता | | | | |
| ख) विषयवस्तुको ज्ञान | | | | |
| ग) उदाहरणमा उपयुक्तता | | | | |

## परिशिष्ट-ग

## कक्षा अवलोकन फाराम